डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत ०९ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 March 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०३

## किसान चैते धानखेतीको तयारीमा

ओमप्रकाश चौधरी, सेढवा, ८ चैत/

पर्साका थरुहट र जङ्गल क्षेत्रका किसानहरू अहिले चैते धानबाली रोपाइँका लागि खेत तयारीमा जुटेका छन् ।

जिल्लाको गण्डक नहरदेखि उत्तरी थरुहट र जङ्गल क्षेत्रसँग जोडिएका ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका र वीरगंज महानगरपालिकाका केही वडाका किसानहरू यतिखेर चैते धानबालीका लागि खेत तैयारी गरिरहेका छन् ।


चैते धानखेती । तस्वीरः प्रतीक

तोरी र सुर्ती बाली भित्र्याइसकेका किसानहरू खाली खेतमा चैते धानको तयारी गरिरहेका हुन् । उनीहरूले अबको एक सातादेखि रोपनी थाल्नेछन् । रोपनीका लागि यहाँका किसानहरूले धानको बीउ छरिसकेका छन् भने बीउ पनि तयारी अवस्थामा छ । बीउ तयारीका लागि तीनदेखि चार साताको समय लाग्ने गरेको छ । तोरी र सुर्ती बाली भित्र्याए लगत्तै किसानहरूले हर्दिनाथ (१४४२) जातका धानको बीउ लगाएका थिए । पर्सा जिल्लामा चैते धानबालीमा हर्दिनाथ (१४४२) लगाइन्छ । अन्यत्र भने चैते धानका लागि चैत–४ र ५ पनि लगाइन्छ ।

ठोरी गापा–५ का किसान कल्याण बस्नेतले आफ्नो वडामा करीब ८० प्रतिशत खेतीयोग्य जमीनमा चैते धान लगाउने तयारी गरिएको बताए । उनले चार/पाँच दिनपछि रोपाइँका लागि बीउ तैयार हुने भएकाले किसानहरूले खेत जोत्ने, आली लगाउने कार्यमा व्यस्त रहेका उनले बताए ।

थरुहट क्षेत्र र जङ्गलसँग जोडिएको पर्सामा तीनपटक बाली हुन्छ । दुई बाली धान र एक बाली अन्य सुर्ती, तोरी, गहुँ आदि । ठोरीमा गहुँखेती निकै कम हुन्छ र यहाँ तोरी, सुर्ती खेती गरिन्छ भने अन्य पालिकाहरूमा गहुँसमेतको खेती गरिन्छ ।

पटेर्वासुगौली गापा–२ मकवानीटोलका बिगामहरा चमारले होलीपछि चैते धान रोपाइँ शुरू हुने बताए । किसानहरूले रोपाइँका लागि बीउ, खनजोत तथा सिंचाइको व्यवस्था मिलाइसकेका छन् । तर चैते धानका लागि पनि मलको समस्या हुने उनले बताए । उनले पटेर्वासुगौलीका दुईवटा वडामा चैते धान करीब ७० प्रतिशत खेतमा हुने गरेको बताए ।

गत वर्ष चैत धानबाली लगाएका किसानहरूले प्रतिकट्ठा पाँचदेखि आठ मन (२०० देखि ३२० किलो) उत्पादन गरेका र यो देखेर पनि केही किसानहरू चैते धानखेतीतर्फ आकर्षित भएका किसान महराले बताए । उत्पादनका साथै चैते धानको भाउ पनि राम्रो पाएको उनले बताए ।

जीराभवानी गापा कृषि शाखा प्रमुख क्षत्रबहादुर गुप्ताले सो पालिकामा गत वर्ष एक सय हेक्टर जमीनमा चैते धानबाली लगाइएको तर यस वर्ष भने यो धानबालीका लागि किसानहरूमा गजबको उत्साह देखिएको बताए । उनले चैते धानका लागि यस वर्ष किसानहरूले गहुँबालीका केही अंश उखेलेर चैत धानबालीका लागि बीउ रोपेको बताए । उनले यसपटक पालिकामा करीब एक हजार हेक्टर जमीनमा चैते धानखेती हुने अनुमान गरिएको बताए ।

जगरनाथपुर गापा–१ पिपरडाँडीका कारी चौधरीले सो पालिकाका किसानहरूमा पनि चैत धानखेतीप्रति आकर्षण बढेको बताए । त्यहाँका किसानहरूले पनि गहुँबालीका केही अंश खाली गराएर धानको बीउ छरेका र यस वर्ष जगरनाथपुरमा पनि चैते धानखेती गत वर्षको तुलनामा वृद्धि हुने बताए ।

## मौसम परिवर्तनसँगै ज्वरो, झाडापखाला र रुघाखोकीका बिरामी बढे

ओमप्रकाश चौधरी, सेढवा, ८ चैत/

मौसम परिवर्तनसँगै पर्साका ग्रामीण भेगमा विभिन्न रोगको प्रकोप बढेको छ । दिउँसो गर्मी बढ्ने तथा बिहान र साँझ चीसो हुने गरेका कारण अहिले रुघाखोकी, भाइरल ज्वरो, झाडापखाला, आँखा पाक्ने जस्ता रोगका बिरामीहरू बढेका छन् ।

जाडो सकिन लागेको तथा गर्मी आउन लागेको कारण रोगको प्रकोप बढेको एकजना चिकित्सकले बताए । ठोरी, जीराभवानी, जगरनाथपुर, धोबिनी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकामा अहिले रुघाखोकी, भाइरल ज्वरो, झाडापखाला, आँखा पाक्ने जस्ता रोगका बिरामीहरू बढेका छन् । जीराभवानी गापा–२ शान्तिनगर निवासी देविका श्रेष्ठले छोरीलाई ज्वरो तथा गलगाँड भएको बताइन् । वार्षिक परीक्षा चलिरहेको बेला छोरी बिरामी परेकोले समस्या भएको उनले दुःखेसो पोखिन् ।

जगरनाथपुर गापा–१ पिपडाढीका राजकिशोर चौधरीले गाउँमा रुघाखोकी र झाडापखालाको प्रकोप बढेको बताए ।

जीराभवानी गापा–२ स्थित सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले मौसममा आएको परिवर्तनसँगै अहिले बिरामीको चाप बढेको बताए ।



तस्वीरः फाइल

सामान्य अवस्थामा भन्दा अहिले बिरामी सङ्ख्या वृद्धि भएको उनले बताए । अहिले देखिएका बिरामीहरूमा रुघाखोकी, झाडापखाला, भाइरल ज्वरो तथा आँखा पाक्ने समस्या बढी देखिएको उनले जानकारी गराएका छन् ।

पटेर्वासुगौली गापा–२ स्थित गादी स्वास्थ्य चौकीका इन्चार्ज रियाज मियाँले सो स्वास्थ्य चौकीमा दैनिक १०–१५ जना बिरामी आउने गरेकामा अहिले सो सङ्ख्या बढेर दुई गुणा भएको बताए । उनले पनि स्वास्थ्य चौकीमा आउने बिरामीहरूमा रुघाखोकी, ज्वरो र झाडापखालाका बिरामी बढी हुने गरेको बताए ।

सखुवाप्रसौनी गापाका प्रमुख प्रशासकीय अधिकृत राजेश्वरप्रसाद रौनियारले मौसम परिवर्तन हुने समयमा प्रत्येक वर्ष यस प्रकारका बिरामीहरू देखा पर्ने गरेको बताए । उनले यस प्रकारका रोगबाट जोगिनका लागि सरसफाइमा ध्यान दिनुपर्ने, पौष्टिक र झोलिलो पदार्थ बढी खाने, सकभर तातो पानी पिउँदा राम्रो हुने बताए । उनले आफ्नो पालिकाका मानिसहरूलाई यसबारेमा सचेत गराउने कार्य भइरहेको बताउँदै स्वास्थ्यसम्बन्धी समस्या आइपरेको खण्डमा गापाका स्वास्थ्यकर्मी, चिकित्सकको सल्लाहमा मात्र औषधि सेवन गर्न सुझाएका छन् ।

## वनविनाश रोकिनुको साटो झनै बढ्यो

बलिराम शुक्ला, बिरुवागुठी, ८ चैत/

पर्साको राष्ट्रिय वनबाट सालको रूखको चोरी तस्करीमा वृद्धि भएको छ । पछिल्लो समय महिला तथा पुरुष काठ तस्करहरू वनमा प्रवेश गरी सालको रूख कटान गरी गोलिया बनाइ नजीकैको फर्निचर उद्योगमा पुऱ्याउने गरेका छन् ।


विभिन्न समयमा बरामद गरिएको सालको गोलिया । तस्वीरः प्रतीक

पर्साको उत्तरी भेगमा वन संरक्षण गर्नको लागि हाल दुईवटा साझेदारी उपभोक्ता समिति र आधा दर्जन वन कार्यालय हुँदासमेत वनविनाश रोकिएको छैन । राष्ट्रिय वन जोगाउनका लागि सबैया साझेदारी वन उपभोक्ता समिति, विन्ध्यवासिनी कोइलाभार साझेदारी वन उपभोक्ता समिति र वन कार्यालय भएपनि वनविनाश रोकिनुको साटो झन् बढेको स्थानीय बताउँछन् ।

महिला र पुरुषहरू समूह बनाएर वनमा प्रवेश गर्ने गरेका छन् । राति सोलखपुर, मिलनचोक, सबैया, पटेलचोक, पकडिया, बडनिहार, कटहरिया, औरैया, छतवनटाँडी, गुलेरिया, मनवा, सखुनिया, कोइलाभारलगायतका नाकाबाट पुरुष तस्करहरूले सालको गोलिया रातको समयमा साइकल तथा मोटरसाइकलमा ढुवानी गर्ने गरेका छन् भने र महिलाहरूले साइकल तथा बोरामा राखेर टाउकोमा बोकी ग्रामीण भेगमा रहेका फर्निचर उद्योग तथा समिलहरूमा सालको काठ आठदेखि १२ हजारमा र सालको कचडा तीनदेखि पाँच हजार रुपैयाँमा बेच्ने गरेका छन् ।

पर्साको ग्रामीण भेगमा दर्जनौं समिल तथा फर्निचर उद्योगहरू अवैधरूपमा सञ्चालनमा छन् । डिभिजन वन कार्यालय, पर्सा मातहतका सबडिभिजन वन कार्यालयहरू वनक्षेत्रभित्र रहे तापनि काठ चोरी तस्करी र अवैध समिल तथा फर्निचर उद्योगलाई बन्द गर्न सकेका छैनन् ।

पर्साको राष्ट्रिय वन सिमानामा सबैया साझेदारी वन, विन्ध्यवासिनी कोइलाभार साझेदारी वन, सबडिभिजन वन कार्यालय सोलखपुर, सबैया, बडनिहार, सखुनिया र छतवनटाँडी रेन्ज पोस्ट वनजङ्गल सुरक्षाको लागि रहे तापनि काठ तस्करी नियन्त्रणमा भने कमी आएको छैन ।

विन्ध्यवासिनी कोइलाभार साझेदारी वन उपभोक्ता समिति बडनिहारका अध्यक्ष रिजवानुल अन्सारीका अनुसार आफू निर्वाचित भएको तीन महीना भएको र साझेदारीले वन हेरालु र कर्मचारीका दुईवटा टोली बनाएर वन संरक्षणमा लगाएपछि तस्करीमा कमी आएको बताए ।

सबडिभिजन वन कार्यालय बडनिहारका वन अधिकृत उज्ज्वल यादवले विन्ध्यवासिनी कोइलाभार साझेदारी चार हजार ६०० हेक्टर क्षेत्रफलमा फैलिएको छ । उनले यहाँ चोर नाकाहरू धेरै भएका र जनशक्ति कम भएकोले वन संरक्षणमा समस्या आएपछि साझेदारी र वन कर्मचारीबाट गस्ती बढाइएको बताए ।

## अखाद्य वस्तु उत्पादन गर्ने उद्योग सिल


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ८ चैत/

जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबू अधिकारी नेतृत्वको टोलीले बिहीवार वीरगंज महानगर–६ मा एउटा उद्योगमा छापा मारी सिल गरेको छ ।

उपभोक्ता हकहित संरक्षण मञ्च, पर्साको सूचनाको आधारमा अखाद्य वस्तु निर्माण भएको भन्दै सप्रजिअ अधिकारीसहितको टोलीले बिहीवार पूजा सामग्री प्रोडक्ट उद्योगमा छापा मारी सिल गरेको छ । सो उद्योगमा छापामारीको क्रममा अमृत वनस्पति घ्यूको वनस्पति घ्यू, भारतीय नोभा कम्पनीको शुद्ध घ्यू र पूजा सामग्री भनेर तयार गरिएको वनस्पति र शुद्ध घ्यू मिश्रित डब्बामा रहेको घ्यू बरामद भएपछि सो उद्योगमा सिलबन्दी गरिएको हो ।

सिलबन्दी गरेर त्यहाँ उत्पादित घ्यू परीक्षणको लागि पठाइएको र रिपोर्ट आएपछि कारबाई प्रक्रिया अगाडि बढाउने बताइएको छ । छापामारीमा गुणस्तर तथा नापतौल कार्यालय, पर्साका मनीष दास, सञ्जीव ठाकुर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका मधुरेश साह, वप्रका बिर्ताका प्रनि पुष्कर बोगटी, उपभोक्ता हकहित संरक्षण मञ्चका विशाल झा, जिल्ला प्रशासन कार्यालयका कृष्ण कुशवाहा लगायतको सहभागिता थियो ।

## भगवान्‌को मुकुट चोर्ने पक्राउ

नितेश कर्ण, वीरगंज, ८ चैत/

सर्लाही जिल्ला कौडेना गाउँपालिका–७ सक्रौलस्थित रामजानकी मठमा रहेको मन्दिरबाट भगवान्‌को मुकुट चोरी गर्ने एकजना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।



यही चैत ५ गते राति साढे ७ बजे भगवान्‌को मूर्ति चोरी भएको र सो कसूरमा सोही स्थान बस्ने ३० वर्षीय जिलाजीत सहनीलाई भोलिपल्ट पक्राउ गरिएको प्रहरीले जानकारी गराएको छ । पक्राउ परेका सहनीलाई अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिप्रका, सर्लाहीले जनाएको छ ।



## विचारसार र सूक्तिहरू

**समय–समयको कुरा हो, हिजो जुन रङ्ग थियो, आज त्यो दाग भएको छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# पर्सामा तस्करी बन्द हुन्छ ?

**जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जिल्लाको कमान सम्हालेको एक महीनापछि पत्रकारहरूसँग भेटघाट गर्दै पुरानै कुरा दोहोऱ्याए, तस्करी बन्द गर्छु, बिचौलियामुक्त जिप्रका बनाउँछु । पर्सा जिल्लामा खुला सीमाका कारण तस्करी हुँदै आएको छ, यो कुरा नौलो होइन । पारि सस्तो हुने वस्तुहरू वारि तस्करी भएर आउने र पारि महँगो हुने वस्तुहरू वारि तस्करीकै माध्यमबाट आउने क्रम दशकौंदेखि चल्दैछ । प्रहरी र प्रशासनका प्रमुखहरू परिवर्तन भएको अवस्थामा केही दिन, साता र महीनाका लागि तस्करी बन्द हुने र त्यसपछि सञ्चालन हुने सबैलाई थाहा भएकै कुरा हो । पर्सा जिल्लाको इतिहासमा तस्करी बन्द भएको देख्न त के सुन्नमा पनि आएको छैन । नयाँ प्रहरी प्रमुखको आगमनमा भने दुई/चार महीना तस्करी हुने गर्छ । यस अघिका प्रहरी उपरीक्षक कोमल शाहले सरुवा भएर पर्सा आएपछि चार महीना तस्करी बन्द गरे । नेपाली काङ्ग्रेसबाट गठबन्धनका प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा आएका उनी लगत्तै चुनावपछि नेकाको गठबन्धन तोडेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमालेसँग मिलेपछि र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने गृहमन्त्री भएपछि पर्सा जिल्लाको तस्करी बन्द राख्न बाध्य भएका थिए ।**

**तत्कालीन प्रउ शाह पूर्वप्रम देउवानजीक रहेर काम गरेकाले उनलाई उनकै पालामा पर्सा जिल्ला सरुवा गरिएको चर्चा चलेको थियो । तर संयोग नै भनौं देउवा सरकार ढल्यो र प्रउ शाह पर्सामा राम्रो काम गरेर देखाउन विवश भए । रवि लामिछाने नागरिकता काण्डमा फसे, पदमुक्त भए अनि एमाले–माओवादी समीकरण पनि ढल्यो र नेकाको सहयोगमा माओवादी अध्यक्ष प्रचण्ड नै प्रधानमन्त्री बने । त्यसपछिको अवधिमा भने पर्सा जिल्लामा तस्करी कुन रूपमा खुल्यो यो कसैबाट लुकेको छैन । पर्सामा भर्खर आएका प्रउ ढुङ्गेल नेका गठबन्धनमा रहेको बखत पर्सामा सरुवा भएका हुन् । पर्सामा आउने प्रहरी प्रमुखलाई हतार हुन्छ पत्रकारसँग भेटघाट गर्ने, यहाँको वस्तुस्थितिको बारेमा बुझ्ने तर प्रउ ढुङ्गेलले त्यो परम्परा ब्रेक गरे । उनले आफ्नो छुट्टै दलबल ल्याएर पर्सा जिल्लाको सीमा नाकाहरूको अवलोकन गरे, वस्तुस्थिति बुझ्ने कार्य गरे । तर यसैबीच फेरि राजनीतिमा अर्को संयोग बन्यो । नेकासँगको सहकार्य तोडेर माओवादी केन्द्रका अध्यक्ष प्रम प्रचण्डले एमालेसँगको सहकार्यमा नयाँ मन्त्रिमण्डल विस्तार गरे अनि यो मन्त्रिमण्डलमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने गृहमन्त्री भए ।**

**रवि लामिछाने गृहमन्त्री भएपछिको केही दिनमा नै पर्साका प्रउ ढुङ्गेलले हिजो पत्रकारसँग भेटघाट गरे र यसअघि प्रहरी प्रमुखले गर्दै आएको उही पुरानै कुरा दोहोऱ्याए, तस्करी शून्यमा ल्याउँछु भनेर । अरूले बन्द गर्छु भन्दै आएका थिए यिनले शून्यमा ल्याउँछु भने फरक यत्ति मात्र हो । जिल्ला प्रहरी कार्यालय पर्साबाट बिचौलिया हटाउने कुरा पनि गरेका छन् । यो कति पनि असम्भव छैन । आफ्नो मातहतको कार्यालयमा आफूले चाहेका असल काम गर्न सकिन्छ । तर तस्करी बन्द गर्ने कार्य एकजनाले आटेर गर्न सकिने काम होइन । यसमा धेरैजनाको स्वार्थ बाझिएको छ । तस्करी संस्थागतरूपमा हुँदै आएको छ । असम्भव केही हुँदैन तर असम्भवलाई सम्भव गर्न भने कठिन हुन्छ र यो काममा खरो उत्रिए सबैले वाहवाही गर्नेछन् ।**

# मधेसका जनतालाई भ्रमित पार्ने प्रयास

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**आफू मन्त्री भएपछि धोती–टोपीलाई एउटै देख्ने, संसद् र सरकारभन्दा बाहिर रहने अवस्था आएर त्यो पनि जनताबाट खारेज भएपछि राष्ट्रिय एकता र अखण्डतालाई नै कमजोर पार्ने गरी बहुल राष्ट्र राज्यको कुरा गर्नु घोर अराजकता र गैरजिम्मेवारीपनको पराकाष्ठा हो ।**

नेपाल सद्भावना पार्टी, समाजवादी जनता दल, नेपाल सद्भावना पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दी देवी), सद्भावना पार्टी, राष्ट्रिय जनता पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका पदाधिकारी र नेतृत्वसम्म पुगेका पूर्वमन्त्री एवं वरिष्ठ मधेसी नेता राजेन्द्र महतोले "राष्ट्रिय मुक्ति क्रान्ति अभियान' नामक नयाँ सङ्गठन खोलेका छन् । उनी गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल, डा बाबुराम भट्टराई र केपीशर्मा ओली नेतृत्वको सरकारमा मन्त्री पनि भइसकेका छन् । उद्योग, वाणिज्य, आपूर्ति तथा स्वास्थ्य एवं जनसङ्ख्यालगायतका मन्त्रालय उनले सम्हालिसकेका छन् । आमनिर्वाचनमा पराजित भएपछि उनले आफूलाई उपेक्षित र एक्लिएको महसूस गरिरहेका थिए । विगत केही वर्षयतादेखि उनले प्रयोग गर्दै आएका बहुल राष्ट्रिय राज्य शब्द यथार्थमा देशभित्र अराजकता निम्त्याउने र आफ्नो सङ्कीर्ण राजनीतिक स्वार्थ पूरा गर्ने उनको कुत्सित मानसिकताको उपज हो ।

जननिर्वाचित संविधानसभाको दुई तिहाइ बहुमतबाट जारी भएको संविधानको स्वीकार्यता, बाध्यता र मान्यतामाथि प्रश्नचिह्न खडा गर्नु भनेको लोकतन्त्रमाथि विश्वास नगर्नु हो । संविधानमा संशोधन एक नियमित प्रक्रिया हो र आवश्यक सहमति एवं सङ्ख्या भएमा प्रतिनिधिसभाको दुई तिहाइ बहुमतबाट संविधानमा संशोधन पनि गर्न सकिन्छ । नेपालको संविधान २०७२ ले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गरेको छ । विश्वको अहिलेसम्मको राजनीतिक इतिहासमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रभन्दा राम्रो शासन प्रणाली अस्तित्वमा आएको छैन । अब नेपालका कुनै पनि राजनीतिक दलले उठाउन सक्ने राजनीतिक मुद्दा बाँकी नै छैन । जातीय उन्मादले ग्रसित व्यक्तिलाई देश र समाजमा वैमनस्यता फैलाउन र अराजकता कायम गर्न, राजनीतिक मुद्दाको आवश्यकता हुँदैन । घृणा, द्वेष एवं पूर्वाग्रहबाट ग्रसित भएर खोलिएका सामाजिक, जातीय अथवा राजनीतिक सङ्गठनको आयु लामो हुँदैन । यस्ता सङ्गठनहरू उल्कापातझैं चम्किएर आउँछन् र विलीन हुन पनि बेर लाग्दैन । विगत दुई दशकमा तराई–मधेस र देशमा पनि अस्तित्वमा आएका दर्जनौं सङ्गठनको स्थापना, स्वाभाविक विसर्जन र दयनीय अवस्था यसका उदाहरण हुन् । आफ्नो निहित स्वार्थपूर्तिका लागि नयाँनयाँ सङ्गठन खोल्ने, त्यसमा विभाजन ल्याउने, फेरि नयाँ सङ्गठन खोल्ने, मोर्चा बनाउने, पार्टी बनाउने, फेरि नयाँ पार्टी खोल्ने र अन्ततः विसर्जन गर्ने प्रवृत्तिले नेपालमा दलीय व्यवस्थालाई नै हास्यास्पद बनाइदिएको छ । जातीय र मधेसी सङ्गठनहरूले छ वर्षसम्म आफ्नो सङ्गठनको नामलाई पनि अक्षुण्ण राख्न सकेका छैनन् ।

पहिलो संविधानसभाको उत्तरार्द्धमा डा बाबुराम भट्टराईको नेतृत्वमा गठित संयुक्त सरकारमा मधेसी दलका मन्त्रीहरू बढी सङ्ख्यामा थिए । आआफ्नो मूल पार्टी मधेसी जनअधिकार फोरम नेपाल, तराई–मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टीलाई टुक्राटुक्रामा विभाजित गरी आफैं अध्यक्ष बनेका मधेसी नेताहरू मन्त्रिमण्डलमा थिए । मधेसी दलका नेताहरूले चाहेका भए आफूअनुकूलको संविधान पनि बनाउन सक्थे ? आफुअनुकूलको सङ्घीय संरचना पनि कोर्न सक्थे ? नेकपा एमालेमा विभाजन आएको कारण त्यति बेला नेपाली काङ्ग्रेस र नेकपा एमाले ब्याक फुटमा थियो । नेकपा माओवादी केन्द्र पनि मधेसी दलहरूको चाहना अनुसारकै संविधान निर्माणमा सहयोग गर्न सक्ने अवस्था थियो तर त्यति बेला मधेसी दलका नेताहरूलाई अपेक्षाकृत महत्त्वपूर्ण मन्त्रालय चाहिएको थियो । संविधान निर्माण तिनको प्राथमिकतामा थिएन ।

मधेसी दलका नेताहरूले पहिलो संविधानसभाको छ वर्षको अवधिमा जति ऊर्जा गतिलो मन्त्रालय पाउनका लागि खर्च गरेका थिए । पार्टी फुटाएर भएपनि मन्त्री बन्नका लागि गरेका थिए, त्यसको एक चौथाइ सांसदले पनि संविधान निर्माणका लागि ध्यान केन्द्रित गरिदिएका भए संविधान त्यति बेला नै बनिसकेको हुने थियो । पहिलो संविधानसभाको आयु पनि "भीष्म पितामह" जस्तै स्वच्छ छायामा निर्भर थियो तर मधेसी दलका नेताहरूको बाहुल्यता रहेको मन्त्रिमण्डलले स्वेच्छाले नै पहिलो संविधानसभालाई विघटन गरी नयाँ संविधानसभा गठनका लागि निर्वाचनको प्रस्ताव गरे । पहिलो संविधानसभाको झन्डै छ वर्षको अवधिमा संविधान निर्माणको विषयमा एकपटक पनि मधेसी दलहरू आपसमा बसेर छलफल गरेनन् । 'निश्चितलाई छोडेर अनिश्चितमाथि विश्वास गर्नु मूर्खता हुन्छ' भन्ने चाणक्यको उक्तिलाई बिर्सेर मधेसी दलका नेताहरू चुनावमा होमिए ।

दोस्रोपटक निर्वाचनमार्फत अस्तित्वमा आएको संविधानमा ठूला दलहरूले निर्णायक जनादेश प्राप्त गरे । मधेसी दलहरूले लज्जास्पद पराजय भोगे पनि यसका कतिपय नेताहरूले आफ्नी पत्नी, सम्धिनी, नातेदार र व्यापारिक मित्रलाई संविधानसभामा प्रतिनिधित्व गर्न पठाए । मानौं, यो संविधान निर्माण कार्य नभई विवाह अथवा वैवाहिक वार्षिकोत्सव थियो । नेपालको संविधान २०७२ को निर्माणमा सक्रिय सहभागिता जनाउनुपर्नेमा मधेसी दलका नेताहरू विरोधमा उत्रे । मधेसी दलहरूमध्ये कतिपयले संविधान नै मान्दैनौं भनेका थिए तर बिस्तारैबिस्तारै संविधानलाई पनि माने । संविधानमाथि हात राखेर शपथ पनि खाए । राष्ट्रिय एकता र अखण्डतालाई बलियो बनाउने शपथ लिएपछि यसको विपक्षमा उभिनु दुर्भाग्यपूर्ण हो । नेपालको संविधानमार्फत अस्तित्वमा आएका सङ्घीय संसद् र प्रादेशिक संसद्मा पुगी मन्त्री बने । एक साता, १५ दिनका लागि भएपनि मन्त्री बन्ने अवसरलाई मधेसी मसिहाहरूले आफ्नो हातबाट गुम्न दिएका थिएनन् । सरकार परिवर्तन हुने बित्तिकै आफ्नो निष्ठामा परिवर्तन ल्याउनमा पनि मधेसी दलहरूलाई लाज लागेन ।

नेपालको संविधान २०७२ को निर्माणमा मधेसी दलहरूको प्रत्यक्ष अथवा परोक्ष भूमिका पनि रहेको छैन । तसर्थ देशमा सङ्घीयता, लोकतन्त्र एवं गणतन्त्र स्थापित हुनुमा मधेसी दलहरूको तिलबराबर पनि योगदान छैन । समानुपातिक समावेशिता पनि संविधानकै देन हो । विगत आठ वर्षमा संविधानमा आवश्यक संशोधनका लागि के कस्ता विषयहरूलाई समावेश गरिनुपर्ने हो ? त्यस विषयमा पनि मधेसी दलहरूले आपसमा छलफल गर्न सकेनन् । तराई–मधेसमा जातीय वैमनस्यता र उन्माद फैलाउनेबाहेकका कुनै पनि काम मधेसी दलहरूले गर्न सकेका छैनन् । ठूला दलहरूको छत्रछायामा बसेर नै आफ्नो राजनीतिक भविष्य श्रीवृद्धि हुने ठम्याइमा पुगेका मधेसी दलहरू यथार्थमा ठूला दलहरूको भ्रातृ सङ्गठन साबित भएका छन् । मधेसी जनताले पनि अब यिनीहरूलाई राम्ररी चिनिसकेको छ । शायद त्यही भएर होला विगत आठ वर्षमा मधेसी दलहरूले छ हजारको भीड जम्मा गरेर कार्यक्रम गरेको उदाहरण छैन ।

मधेसी दलका नेताहरू पटकपटक मन्त्री भए तर शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, पर्यटन आदिका क्षेत्रमा मधेसले गौरव गर्न सक्ने लायकको के काम भएको छ ? विराटनगर जुट मिल, वीरगंज चिनी कारखाना, रौतहटको श्रीराम सुगर मिल्स, जनकपुर चुरोट कारखानालाई सञ्चालनमा ल्याउन मधेसी दल, न त प्रदेश सरकारले नै पहल गर्न सकेको छ । उखु किसानका समस्या मधेसमा छ, किसानका समस्या मधेसमैं बढी छन् । मिटर ब्याजका पीडक र पीडित मधेसमैं बढी छन्, बेरोजगारी मधेसमैं बढी छ, गरीबी मधेसमैं बढी छ । भ्रष्टाचार मधेसमैं बढी छ । जातीय उन्माद मधेसमैं बढी छ ? उपरोक्त समस्याहरूको समाधानमा मधेसी दलले अग्रणी भूमिकाको निर्वाह किन गरेन ?

आफू मन्त्री भएपछि धोती–टोपीलाई एउटै देख्ने, संसद् र सरकारभन्दा बाहिर रहने अवस्था आएर त्यो पनि जनताबाट खारेज भएपछि राष्ट्रिय एकता र अखण्डतालाई नै कमजोर पार्ने गरी बहुल राष्ट्र राज्यको कुरा गर्नु घोर अराजकता र गैरजिम्मेवारीपनको पराकाष्ठा हो । नेपाललाई आफ्नो देश नै नमान्ने एकजना कथित मधेसी मसिहाले एउटा सानो बच्चा नाङ्गो हिंड्नुलाई गलत मान्न नसकिने भन्दै आफूमा रहेको राजनीतिक अपरिपक्वता र अज्ञानताका कारण मधेसलाई छुट्टै राष्ट्र भनेकोमा पश्चात्ताप गरिसकेका छन् । मधेसलाई सत्ता होइन, प्रभुसत्ता चाहिन्छ भन्ने एक अन्य कागजी मसिहा पनि आफ्नो पार्टीलाई सरकारमा सामेल गराउन सक्नुलाई ठूलो उपलब्धि मान्दै आएका छन् । आत्मनिर्णयको अधिकारसहित समग्र मधेस एक प्रदेशको कुरा गर्ने मसिहाहरू पनि आठ जिल्लाको मधेस प्रदेशमा रमाएकै छन् । तराई–मधेसका युवा एवं छात्रहरूका साथै सर्वसाधारणले पनि देशको आर्थिक विकास र समृद्धिका एजेन्डामा आफ्नो सहमति जनाउनु आवश्यक छ । भावनात्मक, संवेदनशील र अराजक नाराले देशको त अहित गर्छ नै स्वयम् त्यसमा संलग्न व्यक्तिलाई बढी हानि गरिरहेको हुन्छ । हातमा सुनको बाला लिएर शिकार गर्न आएको बूढो बाघलाई चिन्नु आवश्यक छ ।

# जाडो छल्न नेपाल आएका चरा स्वदेश फर्किए

बेलवारी (मोरङ), ८ चैत/रासस

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि रसिया, साइबेरियालगायत मुलुकबाट जाडो छल्न नेपाल आएका पर्यटक चरा स्वदेश फर्किएका छन् । चैत शुरूदेखि पर्यटक चरा स्वदेश फर्किने गर्छन् ।

असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहने जनाउँदै चैत लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए । उनका अनुसार सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ ।

करीब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातर्फ जाने गौतमले बताए । उनका अनुसार यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार



क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बीसहजारी, जगदीशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा प्रायः रहने गर्छन् ।

जाडोयाममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा शिकारी तथा मांसहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राइलगायत प्रजाति पर्ने चराविद्हरू बताउँछन् ।

अघिल्लो वर्षभन्दा यस वर्ष कोशीटप्पु आरक्ष क्षेत्रमा चराको सङ्ख्यामा कमी आएको कोशी संरक्षण केन्द्रका प्रमुख गौतमले बताए । उनका अनुसार 'मिड–विन्टर वाटर वर्ड सेन्सस–२०२४' अन्तर्गत यस वर्ष कोशीटप्पु आरक्षलगायत कोशी नदी क्षेत्रमा गरिएको गणनामा ५३ प्रजातिका पाँच हजार ५२७ सङ्ख्यामा चरा फेला परेका छन् । गत वर्ष ५६ प्रजातिका सात हजार ५७३ चराको तथ्याङ्क रहेको उनको भनाइ छ ।

बर्सेनि नयाँनयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि यस वर्षको गणनामा चराको प्रजाति र सङ्ख्यामा कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## जनशक्ति स्थानान्तरण समस्या : समाधानका उपाय

अर्थविशेष
विश्वराज अधिकारी
akoutilya@gmail.com

**उत्सुकता एवं रोमाञ्चकताको चरणमा रहेका युवाहरूलाई स्वदेश फर्काउन सजिलो छैन । यी युवाहरू विदेशमा रङ्गीन सपना देखिरहेका छन् । विदेशमा आफ्नो भविष्य सुरक्षित भएको अनुभव गर्दैछन् । अमेरिका, युरोप, अस्ट्रेलिया पुगेका नेपालीहरू त घरजम पनि उत्तै गर्ने सपना बुन्दैछन् ।**

कुनै पनि देशको आर्थिक विकास त्यस देशमा उपलब्ध जनशक्तिमा निर्भर गर्दछ । प्रशस्त पूँजी, उन्नत प्रविधि, पर्याप्त खेतीयोग्य जमीन, कुशल सङ्गठन जस्ता महत्त्वपूर्ण तत्त्व भए तापनि तिनलाई सञ्चालन गर्ने जनशक्ति नभएमा ती महत्त्वपूर्ण तत्त्वहरूको राम्रो उपयोग हुन पाउँदैन। देशले तीव्र गतिमा आर्थिक विकास गर्न सक्तैन, अमेरिका र युरोपका देशहरूले गरेझैं। नेपालमा अहिले श्रम स्थानान्तरण ठूलो समस्यको रूपमा देखिएको छ। ठूलो अनुपातमा भएको श्रम स्थानान्तरणको सर्वाधिक नराम्रो प्रभाव नेपालको कृषि क्षेत्रमा परेको छ। राष्ट्रिय उत्पादन अति नै तल झरेर देश आयातमुखी भएको छ।

नेपालमा जनशक्ति स्थानान्तरण अहिले ठूलो समस्याको रूपमा देखिएको छ। नेपालबाट ठूलो सङ्ख्यामा विदेशतर्फ भइरहेको जनशक्ति स्थानान्तरणलाई नरोक्ने हो भने मुलुकमा जनशक्तिको अति अभाव हुनेछ। देशको अर्थ व्यवस्था पूर्णरूपमा रेमिट्यान्समा निर्भर हुनेछ। राष्ट्रिय कृषि र उद्योग अनुत्पादक हुनेछन्। देश आयातमूखी हुनेछ। यी सबै थाहा भएका कुरा हुन्। नौला होइनन्। नेपालको वर्तमान राजनीतिक स्थिति हेर्दा ठूलो मात्रामा भइरहेको जनशक्ति स्थानान्तरण तत्काल रोक्न सकिने देखिंदैन। तर कम भने पार्न सकिन्छ। विभिन्न किसिमका योजना तथा कार्यक्रमहरू निर्माण गरेर, तिनको कार्यान्वयन कुशलतापूर्वक गरेर जनशक्ति स्थानान्तरणाको समस्या कम गर्न सकिन्छ। यो समस्या कम पार्न तत्काल कदम चाल्न आवश्यक छ।

जनशक्ति स्थानान्तरणका विभिन्न चरण हुन्छन् । जनशक्ति स्थानान्तरण समस्या कसरी कम पार्न सकिन्छ भन्ने विषयमा चर्चा गर्नुपूर्व जनशक्ति स्थानान्तरणका चरणहरू के के हुन् भन्नेबारे जानकारी पाउन आवश्यक छ।

**उत्सुकता एवं रोमाञ्चकताको चरण:**

यो चरणमा स्वदेशबाट रोजगार वा अध्ययन अथवा अन्य कुनै कारणले विदेश प्रस्थान गरेको व्यक्तिलाई प्रवास अति नै रोमाञ्चक लाग्छ । विदेशमा आएपछि आफूले केही उपलब्धि नै हासिल गरेको वोध हुन्छ । गर्व हुन्छ र सन्तुष्टि पनि हुन्छ। आफू सफल भएको अनुभूति पनि उत्तिकै हुन्छ । स्वदेशभन्दा विदेशमा आफ्नो आम्दानीमा वृद्धि भएको देख्दा व्यक्ति प्रफुल्लित पनि हुन्छ । तर यो उत्सुकता एवं रोमाञ्चकताको चरण लामो समय रहन पाउँदैन । पाँच–सात वर्षपछि यो नयाँ परिवेश–प्रवास, व्यक्तिलाई प्रतिकूल लाग्न थाल्छ। परिवार, समाज र देश परित्याग गरेर प्रवास जीवन रोजेकोमा व्यक्तिमा निराशा पनि उत्पन्न हुन्छ । प्रवासलाई व्यक्तिले सफलताभन्दा बाध्यता देख्न आरम्भ थाल्छ।

**भोगाइ एवं अनुभवको चरण:**

यो चरणमा प्रवासमा रहेको व्यक्तिले कामसम्बन्धी विभिन्न अनुभव प्राप्त गर्छ। स्वदेशमा काम गर्दाको स्थिति र विदेशमा काम गर्दाको स्थितिको तुलना गर्छ। विदेशको बसाइ असहज भएको निष्कर्ष झिक्छ।

भोगाइ र अनुभवको चरणमा नै व्यक्तिले केही पैसा पनि आर्जन गरेको हुन्छ। त्यो आर्जन एउटा राम्रो बचतमा रूपान्तरित भएको पनि हुन सक्छ । आर्थिकरूपमा केही सक्षम भएको बोध गर्दै व्यक्तिले आफूभित्र कुन मात्रामा सन्तुष्टि छ, खोजी गर्न आरम्भ गर्छ। आफ्नो स्थानान्तरण कति उपयोगी भयो, त्यो विषय केलाउन तल्लीन हुन्छ। त्यसको लेखाजोखा गर्छ।

**फिर्तीको चरण:**

यो चरणमा रोजगारका लागि विदेश पुगेको व्यक्तिले आफूलाई आर्थिकरूपमा केही बलियो देख्छ र स्वदेश फर्केर कुनै नयाँ काम प्रारम्भ गर्ने जोखिम लिने हो कि भनी मन्थन पनि गरिरहेको हुन्छ । यस्ता व्यक्तिलाई परिवार, समाज र देश छुटेको पीडादायी स्थितिले सताइरहेको हुन्छ।

यो चरणमा प्रवासमा रहेको व्यक्ति द्वन्द्वको मनस्थितिमा बाँच्न थाल्छ । परिवार, समाज, देश परित्याग गरेर परदेशमा बस्ने वा स्वदेश फर्कने अनि आफ्नो परिवार र समाजसँग जोडिएर आनन्दपूर्वक बस्ने आदि कुराबारे नित्य मन्थन गर्न थाल्छ। कोही यो मन्थनबाट उत्प्रेरित भएर स्वदेश पनि फर्कन्छन् । तर केही स्वदेश फर्किन सक्तैनन्, र स्वदेशको पनि माया मार्न पनि सक्तैनन्। लामो समयसम्म दोधारमा रहन्छन्।

अहिले अधिकांश नेपालीहरू, मुख्य गरी युवा (महिला एवं पुरुष), प्रवासको बसाइमा उत्सुकता एवं रोमञ्चकताको चरणमा छन्। स्वदेश परित्याग गरेकोमा अति खुशी छन्। नयाँ परिवेशमा आएर काम (जागीर) गर्न पाएकोमा खुशी र प्रफुल्लित पनि उत्तिकै छन्। आफू सफल भएको एवं आफूले ठूलो उपलब्धि हासिल गरेको मनस्थितिमा छन्।

उत्सुकता एवं रोमाञ्चकताको चरणमा रहेका युवाहरूलाई स्वदेश (नेपाल) फर्काउन सजिलो छैन । यो अवस्थामा रहेका युवाहरूले विदेशमा रङ्गीन सपना देखिरहेका छन्। विदेशमा आफ्नो भविष्य सुरक्षित भएको अनुभव गर्दैछन् । अमेरिका, युरोप, अस्ट्रेलिया पुगेका नेपालीहरूले घरजम पनि उत्तै गर्ने सपना बुन्दैछन्।

भोगाइ एवं अनुभवको चरणमा रहेका प्रवासी नेपालीहरूलाई पनि स्वदेश फर्काउन सजिलो छैन। तर ज्यादै कठिन पनि छैन। विशेष किसिमका कार्यक्रमहरू जस्तै रोजगारको खास अवसर, व्यापार सञ्चालनमा सरलता, ऋण सुविधा आदि जस्ता आकर्षणहरू उपलब्ध गराएर यो चरणमा रहेका प्रवासी नेपालीहरूलाई स्वदेश फिर्ता गराउन सकिन्छ।

प्रवासी जीवन बिताइरहेका, तर फिर्तीको चरणमा रहेका नेपालीहरूलाई स्वदेश फिर्ता गराउन कठिन छैन । सजिलो नै छ । यो चरणमा रहेका बहुसङ्ख्यक व्यक्तिहरू स्वदेश फर्कन सक्छन् । स्वदेश पुगेर कस्तो होला ? काम गर्न पाइएला कि नपाइएला ? जीवन झनै कष्टकर होला कि ? यस्तै सोचमा रुमलिएका तर फर्कने मनस्थितिमा रहेका प्रवासी नेपालीहरूलाई स्वदेश ल्याउन तुलनात्मक रूपमा सजिलो छ। फर्केर नेपाली समाजको मूलधारमा समाहित हुन सकिने अनेक योजनाहरू घोषणा गरेर, सामाजिक सुरक्षाहरू प्रदान गरेर, रोजगार उपलब्ध गराएर, यो चरणमा रहेका प्रवासी नेपालीहरूलाई स्वदेश फिर्ता गराउन सकिन्छ । सरकारले विदेशमा रहेको जनशक्ति नेपाल फिर्ता ल्याउन एउटा ठोक योजना निर्माण गर्न आवश्यक छ । र त्यो योजना कार्यान्वयन गर्न विभिन्न कार्यक्रमहरू ल्याउन आवश्यक छ।

ठूलो सङ्ख्यामा नेपालीहरू विदेश पलायनको स्थितिले अब गम्भीर समस्याको रूप लिंदैछ। यस विषयलाई केवल आर्थिक समस्याको रूपमा लिएर मात्र हुँदैन। नेपालीहरू रोजगारका लागि विदेश गएका, उनीहरूको आर्थिक स्थितिमा सुधार आएको, रेमिट्यान्समा वृद्धि भएर देशको आर्थिक स्थिति कमजोर हुन नपाएको जस्ता तर्कहरू गरेर बस्ने स्थिति अब छैन। जनशक्ति स्थानान्तरण अब राष्ट्रियतासँग जोडिन पुगेको छ । जुन सङ्ख्यामा नेपालीहरू अहिले विदेश पुगिरहेका छन्, उतै बस्ने मनस्थितिमा छन्, त्यो हेर्दा नेपालीहरू अल्पसङ्ख्यक हुँदै जाने पीर बढेको छ।

नेपालीहरू अल्पसङ्ख्यक हुँदै गएमा राष्ट्रियता र राष्ट्रिय सुरक्षा कमजोर हुने कुरामा दुई मत हुन सक्तैन। हाम्रा नेताहरूले यो गम्भीर विषय बुझ्न आवश्यक छ। देश नै नरहे, नेपाल नै नरहे, यी स्वार्थी, झगडिया, दलबदलु, शिविर र समूह बदलु नेताले कहाँ र कसरी राजनीति गर्नेछन् ? नेताहरूलाई यो कुरा हेक्का नभएको होला ?

जनशक्ति स्थानान्तरण समस्या, अब नेपालको लागि केवल आर्थिक समस्या मात्र रहेन । यो विषय अब नेपालको अस्मितासँग जोडिन पुगेको छ।



**बेतको टोकरी बेच्दै:** शुक्लाफाँटा नगरपालिका–७ का स्थानीय महिला सडकछेउमा बसेर बेतका टोकरी बेच्दै । टोकरी बुनेर महिलाले दैनिक रु एक हजार बढी आम्दानी गर्दै आएकी छन् । तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस

## बजेट निर्माण चक्रका आधारभूत विषय

विचार
नेत्र सुवेदी 'प्रयास'

सार्वजनिक क्षेत्रमा वित्तीय जवाफदेहिताको माध्यम मात्र होइन, बजेट निर्माण आम सरोकारको विषय पनि हो । त्यसो त बजेट भनेको एउटा समग्र प्रक्रियाको छोटकरी नाम मात्र हो । संविधानमैं व्यवस्था भए अनुसार राजस्व र व्ययको अनुमान गर्ने र संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले पेश गर्नुभन्दा अगाडि लामो प्रक्रिया पूरा गरेर मात्र बजेट तयारी हुने गर्छ। बजेट निर्माणाका चरणाहरू र वित्तीय उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न निकाय र पदाधिकारीलाई निर्धारित जिम्मेवारीका साथै परियोजना तयारी र बजेटको अनुमान सम्बन्धमा, खासगरी आयोजना व्यवस्थापन र बजेट चक्रमा हाल देखिएका सवालहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट गत कात्तिकमा उपलब्ध गराइएको २२ बुँदे सुझावमा आधारित भएर यो आलेखमा चर्चा गरिएको छ।

**सुझावमा के छ ?**

आय र व्ययको अनुमानको प्रारम्भ राष्ट्रिय योजना आयोगले तत्काल लागू रहेको आवधिक योजनाको आधारमा हरेक वर्ष आगामी आर्थिक वर्ष र त्यसपछिका दुई वर्ष गरी तीन वर्षको आय र व्ययको अनुमान समेट्ने मध्यकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्दछ । त्यस्तै प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा तीन वर्ष अवधिको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार पारी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा बुझाउनुपर्छ । यसरी मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आगामी तीन वर्ष अवधिको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतीजाको खाकाको साथै प्रस्तावित आयोजना तथा कार्यक्रमको क्रियाकलापगतरूपमा प्रतिएकाइ लागत तथा सम्पन्न गर्न लाग्ने समयका साथै कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना तथा कार्यक्रमको प्राथमिकतासमेत खुलाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ ले गरेको छ।

आयोजना व्यवस्थापनलाई व्यवस्थित, परिणाममुखी र अनुशासित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियममा व्यवस्था भएका विषयलाई नै पहिलो बुँदाको सातवटा खण्डमा सुझाव समेटिइएको देखिन्छ। पहिलो–तीनै तहका सरकारले आयोजना बैंक, तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको प्रयोग गर्नुको साथै यिनलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (सङ्घ र प्रदेश) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच अन्तरआबद्धता कायम गर्न भनिएको छ।

दोस्रो–राष्ट्रिय योजना आयोगले निकायगत बजेट सिलिङ उपलब्ध गराउनुपूर्व तत्तत् निकायसँग तयारी पूरा भएका आयोजनाको विवरण माग गरी जिम्मेवार पदाधिकारीलाई बोलाई चरणबद्धरूप छलफल गर्ने भनिएको र सो अनुसार यो वर्ष राष्ट्रिय योजना आयोगको टीमले काम गरिरहेको बुझिएको छ। तेस्रो–तीन तहले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाई सो मापदण्डले तोके अनुसारका प्रकृति र लागत सीमाभित्रका आयोजना मात्र आयोजना बैंकमा प्रविष्ट हुने र सो सीमाभित्र रही आयोजना बैंकमा प्रविष्ट नभएका आयोजनामा बजेट विनियोजन नहुने व्यवस्था गर्न भनिएको छ।

चौथो–आयोजना बैंकमा प्रविष्ट गर्नु अघि आयोजनाको विस्तृत अध्ययन गराई आर्थिक, वित्तीय, प्राविधक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, रूख कटान, आइई/इआइएका लागि कानूनी प्रक्रिया पूरा भएका आयोजना मात्र समावेश गर्नुपर्ने र पाँचौं–मन्त्रालय र निकायहरूले बजेट तर्जुमा गर्दा प्राप्त सिलिङभित्र रही आयोजना बैंकबाट छनोट र प्राथमिकीकरण भई मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका आयोजनाहरूमा मात्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गर्नुपर्ने र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा मन्त्रालय र निकायको अधिकारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्ट गर्ने भनिएको छ । छैटौं–अर्थात् अन्तिम खण्डमा उल्लिखित प्रावधानविपरीत बजेट प्रक्रिया अगाडि बढाउनु भनेको कानूनविपरीत हुने र त्यस्तो कार्यका लागि सम्बन्धित अधिकारी जिम्मेवार हुने हुँदा त्यस्तो कार्य नगर्ने, नगराउने भनी ध्यानाकर्षण गराइएको छ।

अख्तियारले उपलब्ध गराएका बुँदा दुईदेखि २२ सम्म समेटेका सुझावहरूको सङ्क्षेपीकृत विषयवस्तु र सन्देशका सम्बन्धमा उल्लेख गर्नुपर्दा आर्थिक वर्षको बीचमा कार्यकारी निर्णयबाट बजेटमा समावेश गरी कार्यान्वयनमा लैजानु संविधान र कानूनको मर्मविपरीत हुने र अख्तियारको समेत दुरुपयोग हुने हुँदा तीनै तहले यस्तो प्रवृत्ति अन्त्य गर्ने भनिएको छ भने समपूरक/विशेष अनुदानका आयोजना प्रस्ताव गर्दा आवश्यकता र औचित्य पुष्टि हुनेगरी कानूनतः जिम्मेवार पदाधिकारीबाट निर्णय गरी आवश्यक कागजातसहित मात्र आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने र विवरण फरक पर्न गएमा प्रस्तावक, सिफारिशकर्ता र निर्णयकर्ता जिम्मेवार हुने बताइएको छ । त्यसैगरी बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुऱ्याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिने र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्न औचित्यपूर्ण ठहर भए, मात्र दोस्रो र तेस्रो चौमासिकमा मात्र गर्न सक्नेगरी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने भनिएको छ।

बहुवर्षीय आयोजना सम्बन्धमा वस्तुगत मापदण्ड बनाइ प्रयोगमा ल्याउने र आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्न लेखिएको छ। स्वीकृत वार्षिक खरीद योजना अनुसार समयमैं खरीद गर्ने र खरीद सम्झौताबमोजिम कामको गुणास्तर अनुगमन गरी कार्यसम्पन्न भएपश्चात् भुक्तानी दिनुपर्नेमा नयाँ आर्थिक वर्षमा दायित्व सार्ने कार्य कानूनविपरीत हुने र सम्बन्धित अधिकारीले जिम्मेवारी लिनुपर्ने हुँदा कानूनको प्रतिकूल हुनेगरी यस्तो कार्य नगर्ने, नगराउने भनिएको छ। त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको तल्लो सीमा कायम गरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा अनुशासन कायम गर्ने सुझाव छ।

योजना छनोट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनैतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने विषय महत्त्वपूर्ण छ भने र सार्वजनिक खरीद कार्यको सूचना आह्वान गर्नुपूर्व अनिवार्यरूपमा निर्माणस्थल वा खरीद गर्न चाहेको सेवाको विषयमा तयारीको

(बाँकी पाँचौं पातामा)

# आर्थिक सङ्कट र बढ्दो श्रम बहिर्गमन

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विदेशी भूमिमा रहेर ज्ञान, सीप, सोच र पूँजी आर्जन गरेको श्रमशक्तिलाई मुलुकको विकास र समृद्धिका लागि रणनीतिमार्फत आकर्षित गर्नु नै वर्तमान सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । ज्ञान, विज्ञान, नैतिकता, सदाचारिता, सिर्जना र श्रमविना मुलुकको विकास र समृद्धि असम्भव छ ।**

पछिल्लो समय नेपालमा तीव्र दरमा उत्पादनशील उमेरको श्रमशक्ति विदेशिने गरेको छ । दक्ष, अदक्ष र अर्धदक्ष तिनै प्रकृतिका तथा हुने खाने र हुँदा खाने दुवै प्रकृतिका १८ देखि ४५ वर्ष उमेर समूहका जनशक्ति रोजगार वा अध्ययनका लागि तीव्र गतिमा विदेशिने गरेका छन् । पछिल्लो समय स्वदेशमा भविष्य छैन भन्ने घोर निराशावादी र नकारात्मक मनोविज्ञानको निर्माण हुन थालेको छ । योसँगै जसरी पनि मुलुक छाड्नैपर्छ भन्ने भाष्य आमरूपमा स्थापित भइरहेको छ । अवसरको खोजीमा रहेको जनशक्तिलाई स्वदेशमा टिकाउन उपदेश, राष्ट्रभक्तिका राग र अनुरोधबाट मात्र सम्भव देखिएको छैन । अहिलेको २१औं शताब्दीमा आर्थिक स्वतन्त्रता, आत्मसम्मान र पहिचानसहितको गुणस्तरीय जीवनको सम्भावना भएका स्थानमा श्रमशक्ति आकर्षित हुनु स्वाभाविक हो । तर यो व्यक्तिगतरूपमा लाभप्रद भएपनि राज्यको दृष्टिकोणले मानवीय पूँजी पलायन हुनु आर्थिक र सामाजिकरूपमा सम्पन्न मुलुकका लागि दयनीय अवस्था हो । स्वदेशमैं अहिले श्रमशक्तिलाई टिकाउनेभन्दा पनि विदेश पठाउनेहरू बढी सक्रिय देखिएका छन् ।

विगत तीन दशकदेखि मुलुकमा मेरिट (क्षमता)लाई राजनीतिले विस्थापित गरेको देखिन्छ । योग्यता क्रमले व्यक्ति वा संस्थामा अन्तरनिहित परिमाणात्मक र गुणात्मक मूल्यको प्रतिनिधित्व गर्छ भने व्यक्ति वा संस्थाले प्रदर्शन गर्ने कार्यक्षमताको मूल आधार पनि यही हो । कामको उच्च दक्षता र सदाचारिताको संयुक्त नतीजा नै 'मेरिट' हो । नेपालमा सार्वजनिक संस्था र लोकतान्त्रिक प्रणालीको विकास त भयो तर त्यसलाई सञ्चालन गर्ने प्रणालीमा योग्य एवं नैतिकवान् व्यक्ति सुनिश्चित गर्न नसक्दा आमनागरिकले अहिलेको शासन व्यवस्थामाथि क्रमशः विश्वास गुमाउँदै गएको पाइन्छ । जहाँ मेरिट हुन्छ, त्यहाँ प्रणाली पूर्वानुमानयोग्य हुन्छ । प्रक्रिया स्पष्ट हुन्छ । तोकिएको समयमा तोकिएको नतीजाको सुनिश्चितता हुन्छ । हरेक सार्वजनिक पदमा हाम्रा होइन, राम्रा र योग्यतम व्यक्ति पुग्ने पूर्वानुमानयोग्य प्रणालीको सुनिश्चितता हुँदा मात्र मेरिटमाथि न्याय हुन्छ । जब राजनीतिक, शासकीय, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा बजारका संस्थाभित्र मेरिट कमजोर हुन्छ, तब अयोग्यले योग्यलाई नेतृत्व गर्न थाल्छ । यसबाट सबै प्रकारका संस्था धराशयी हुन्छन् र योग्यहरूले पलायनको बाटो अँगाल्न पुग्छन् ।

नेपालमा विगत तीन दशकदेखि मेरिटलाई राजनीतिक तजबिजीले विस्थापित गरेको देखिन्छ । राजनीतिले परिवर्तन तथा समृद्धिका नीतिहरू तय गर्ने र ती नीतिको दक्षतापूर्ण कार्यान्वयन गरी संस्थागत गर्ने काम मेरिटमा आधारित प्रणालीले हो । तर हाम्रो शासनप्रणालीमा हरेक ससाना निर्णयमा पनि राजनीतिक तजबिजी निर्णायक हुँदै 'स्वाभाविक नियमितता'का रूपमा स्थापित भइसकेको छ । यो भनेको मेरिटको तीव्र सङ्कटको अवस्था हो । मेरिट प्रणालीमा आबद्ध हुनुपर्ने शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, कामदार, चिकित्सक, इन्जिनीयर, प्राध्यापक, पत्रकार, बुद्धिजीवीहरू राजनीतिक कित्ताकाटमा उभिएपछि मेरिटको वध हुनु स्वाभाविक हो । जहाँ मेरिटको अन्त्य हुन्छ, त्यहाँबाटै प्रणाली व्यक्तिवादी हुन्छ, अनि शक्ति संरचनाबाहिरका व्यक्तिले आफ्नो भविष्य देख्दैनन् र तीव्र पलायन हुन बाध्य हुन्छन् । जब राजनीतिक, शासकीय, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा बजारका संस्थाभित्र मेरिट कमजोर हुन्छ, तब अयोग्यले योग्यलाई नेतृत्व गर्न थाल्छ । यसबाट सबै प्रकारका संस्था धराशयी हुन्छन् र योग्यहरूले पलायनको बाटो अँगाल्न पुग्छन् ।

विद्यालय र विश्वविद्यालयमा मेरिट विस्थापित हुँदा प्राज्ञिक गरिमा खुला राजनीतिक लिलामीमा गएकै हो । योग्य शिक्षक र प्राध्यापकहरू विस्थापित हुँदै जाँदा प्राविधिक शिक्षा कक्षाकोठाभित्र सीमित भइसकेको छ २१औं शताब्दीको डिजिटल पुस्ताको विद्यार्थी २०औं शताब्दीको शिक्षक र पाठ्यक्रम तथा १९औं शताब्दीको विधिमा आधारित खण्डहर कक्षाकोठाबीचको तालमेल नमिलेर नै नेपाली नागरिक तीव्ररूपमा विदेश पलायन भइरहेका छन् । सामाजिक तथा सांस्कृतिक मूल्यमा आएको तीव्र नैतिक क्षयीकरण पनि श्रम पलायनमा जिम्मेवार छ । २१औं शताब्दीको विज्ञान, प्रविधि र डिजिटल विश्वसँग परिचित तथा श्रममा विश्वास गर्ने इमानदार जनशक्ति यस्तो सांस्कृतिक मूल्यमा रहनै सक्दैनन् र विदेशिने निर्णय गरेको देखिन्छ । पछिल्लो समयमा नेपाली समाजको समृद्धिको मानकका रूपमा सन्तानहरूले प्राप्त गर्ने विदेशी स्थायी आवासीय कार्ड र अभिभावकले भिजिट वा तेलभिसामा विदेश दर्शन गरी स्वदेशको आलोचना वा उपदेश जारी गर्नुलाई मान्न थालिएको देखिन्छ । नीतिनिर्मातादेखि अधिकांश गरीब तथा निमुखा नागरिक सबैको अन्तिम सपना योभन्दा माथि देखिंदैन । यो हाम्रो सामाजिक, सांस्कृतिक सत्ताले निर्माण गरेको मूल्य प्रणाली हो । विदेशी भिसा प्राप्त गर्दा सामाजिक सञ्जालमा पोखिएका बधाईहरू नै यसका सबल प्रमाण हुन् ।

पछिल्लो समय वैदेशिक रोजगारका लागि विदेश जानेहरूको सङ्ख्या दिन प्रतिदिन बढिरहेको छ । स्वदेशमा सम्भावना नभेटेपछि आर्थिक जीविकोपार्जन एवं अध्ययनका लागि बाहिरिने नेपालीको सङ्ख्या बढ्दै गएको देखिन्छ । वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्षको पहिलो चार महीनामा (कात्तिकसम्म) दुई लाख छ हजार ३१६ जनाले श्रम स्वीकृति लिएका छन् । विगत पाँच वर्षमा मात्रै २५ लाख २२ हजार ४५८ जनाले वैदेशिक श्रम स्वीकृति लिएका वैदेशिक रोजगार विभागले जनाएको छ । विभागका अनुसार गत आर्थिक वर्षमा सात लाख ७१ हजार ३२७ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका थिए । जुन विगत पाँच वर्षको तुलनामा सबैभन्दा उच्च हो । आर्थिक वर्ष २०७८/७९ मा छ लाख २८ हजार, आर्थिक वर्ष २०७७/७८ मा एक लाख ६६ हजार ६९८, आर्थिक वर्ष २०७६/७७ मा तीन लाख ६८ हजार ४३३ र आर्थिक वर्ष २०७५/७६ मा पाँच लाख ८८ हजारले स्वीकृति लिएका थिए । यसरी कोरोना महामारीको समयमा वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिनेको सङ्ख्या केही घटे पनि अन्य समयमा बर्सेनि बढ्दै गएको तथ्याङ्क छ । यसको सकारात्मक प्रभाव विप्रेषणमा पनि देखिएको छ । यसरी विप्रेषण बढ्दा मुलुकको आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव परेको छ । विप्रेषण बढेर आएको कारण नै नेपालको बाह्य पक्ष सबल देखिएको अवस्था छ । तर विप्रेषणले मुलुकको आर्थिक अवस्था सुदृढ हुँदैन । अर्थतन्त्र सबल र सुदृढ हुनका लागि वस्तु निर्यात, पर्यटनको विकास र वैदेशिक लगानी भित्रिनुपर्छ । अहिलेको प्रवृत्तिले अर्थतन्त्रलाई उत्पादनमा जोड दिंदैन, परनिर्भरता बढाउँछ । यसरी विदेशिएका युवाहरूले पठाएको विप्रेषणले उनका घरपरिवारको दैनिकी चलाउन त सहज भएको छ । तर मुलुकको श्रमशक्ति बाहिरिएकाले रोजगारको गन्तव्य रहेका मुलुक त बन्छन्, श्रमशक्ति निर्यात गर्ने मुलुकको विकासले फड्को मार्न सक्दैन ।

त्यसैले श्रम पलायनका सम्बन्धमा राज्य गम्भीर नीतिगत चिन्तनमा लाग्नै पर्छ । यसको पहिलो र सशक्त आधार भनेको नै मेरिटको पुनर्जागरण हो । मेरिटलाई शैक्षिक योग्यतामा मात्र सीमित नगरी व्यक्ति र संस्थाको गुणस्तरीय कार्यसम्पादनमा हेरिनुपर्छ भने मेरिटको संस्कृतिलाई सुस्थापित गर्नुपर्छ । योग्यता, सिर्जनात्मक श्रम र सत्यनिष्ठाबाट मात्र समृद्धि र विकास सम्भव छ । पछिल्लो समयमा नेपाली समाजमा विकसित हुँदै गएको नकारात्मक सोच, विचार शून्यता र नैतिक स्खलनको तीव्र गतिलाई रोक्न राज्यपक्ष संवेदनशील हुनैपर्छ । यसका लागि सदाचार नीति र नैतिक पूर्वाधारको निर्माण, विद्यालय तहबाटै नैतिक मूल्य शिक्षाको पुनर्जागरण, श्रम र सिर्जना केन्द्रित शिक्षा, सोच्न सिकाउने सामाजिक र सांस्कृतिक मूल्यहरू, निष्ठामा आधारित राजनीतिक अभ्यासको संस्कृति निर्माण गर्नुपर्ने हुन्छ । हुनत उत्पादनशील जनशक्ति केही समयका लागि विदेशिनु आफैंमा अवसर पनि हो । वित्तीय विप्रेषणसँगै प्राप्त हुने सामाजिक विप्रेषण नै समृद्ध राष्ट्रनिर्माणका लागि वर्तमान समयको ठूलो सम्पत्ति र अवसर पनि हो । विदेशी भूमिमा रहेर ज्ञान, सीप, सोच र पूँजी आर्जन गरेको श्रमशक्तिलाई मुलुकको विकास र समृद्धिका लागि रणनीतिमार्फत आकर्षित गर्नु नै वर्तमान सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । ज्ञान, विज्ञान, नैतिकता, सदाचारिता, सिर्जना र श्रमविना मुलुकको विकास र समृद्धि असम्भव छ ।

वास्तवमा श्रम निर्यात गरेर कुनै पनि मुलुक समृद्ध हुन सकेको उदाहरण छैन । मुलुकको आर्थिक विकास र समृद्धिका लागि वस्तु निर्यात गर्नैपर्छ । यसका लागि मुलुकभित्रै आन्तरिक उत्पादन बढाउनुपर्छ । आन्तरिक उत्पादनले एकातिर आन्तरिक आवश्यकता परिपूर्ति गर्छ भने अर्कातिर वस्तु निर्यात गरेर मुलुकको अर्थतन्त्र सबल, सक्षम र सुदृढ बन्छ । मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग-व्यवसायहरूको स्थापना एवं सञ्चालन नगरी उत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाइ आम्दानी हुने कुरै भएन । आम्दानी नबढाइ देशमा समृद्धि सम्भव छैन । त्यसैले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सिर्जना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने रणनीति सरकारको हुनुपर्छ ।



**अल्लोलाई घाममा सुकाउँदैः** दाङको घोराही उपमहानगरपालिका-१३ स्थित सहनशील दिदीबहिनी अल्लोधागो उद्योगमा प्रशोधन गरेको अल्लोलाई घाममा सुकाउँदै उद्योगकी चन्द्रमाया बुढामगर । तस्बिरः कुलदीप न्यौपाने/रासस

# देशकै पुरानो चन्द्र नहर पुनर्निर्माण हुँदै

राजविराज, ८ चैत/रासस

मरम्मतसम्भारको अभावमा जीर्ण बनेको मुलुकको सबैभन्दा पुरानो चन्द्र नहरको पुनर्निर्माण शुरू भएको छ ।



जापान सरकारले नेपाल सरकारलाई चन्द्र नहरको पुनर्निर्माणका लागि रु दुई अर्ब आर्थिक सहयोग गरेपछि मरम्मतसम्भार शुरू भएको हो । चन्द्र नहर अन्तर्गत कञ्चनरूप नगरपालिका-१० स्थित बदगामा र तिरहुत गाउँपालिकाको बुधेवामा मरम्मतसम्भार थालिएको चन्द्र नहर सिंचाइ प्रणाली जल उपभोक्ता संस्थाका अध्यक्ष बद्रीनारायण यादवले बताए ।

चन्द्र नहर अन्तर्गत सप्तरीको सप्तकोशी नगरपालिकाको फतेपुरदेखि महादेवा गाउँपालिका पकरीस्थित खाँडो खोलासम्म तत्काल ३२ वटा नयाँ 'साइफन' पुनर्निर्माण गर्नेगरी काम थालिएको उनले बताए । मरम्मतसम्भारको काम जापानी कम्पनी हाज्माले पाएको छ । आगामी दुई वर्षभित्र मरम्मतसम्भारका सबै कार्य पूरा गर्नुपर्ने सम्झौता भएको छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले ३१ किलोमिटर नहरको शुरू बिन्दुदेखि अन्त्यसम्मको ३२ वटा नयाँ पुल र साइफन निर्माण गर्न हाज्मासँग सम्झौता गरेको अध्यक्ष यादवले बताए ।

बर्खायाममा बाढीबाट विभिन्न ठाउँमा बर्सेनि नहर भत्केका कारण मरम्मत गर्नुपरेको हो । समयमा मरम्मत नहुँदा सिंचाइ सुविधाबाट किसान वञ्चित भएका थिए । २०७३ को बाढीले सुब्बाटोल, बुधेवा, महुली, गङ्गाजली, मैनाकडेरी, बढहरालगायत एक दर्जन स्थानमा नहर भत्केको थियो । नहर मरम्मतसम्भारका लागि अहिलेसम्म रु नौ करोड खर्च गरिएको कोशी पम्प चन्द्र नहर डिभिजन कार्यालय सप्तरीले जनाएको छ ।

जिल्लाको पूर्वी भेग तोपा, मन्सापुर, भगवतपुर, अकबरपुर, महादेवा, सोनरा,

(बाँकी पाँचौं पातामा)

# सुनको मूल्य दुई हजार छ सयले बढ्यो

काठमाडौं, ८ चैत/रासस

स्थानीय बजारमा छापावाल सुनको मूल्य प्रतितोला रु दुई हजार छ सयका दरले वृद्धि भएको छ । बुधवार प्रतितोला रु एक लाख २५ हजार दुई सयमा सुनको कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मूल्य आज प्रतितोला रु एक लाख २७ हजार आठ सय तोकिएको छ ।

यस्तै, तेजाबी सुन बुधवार प्रतितोला रु एक लाख २४ हजार छ सयमा कारोबार भएको थियो । आज तेजाबी सुनको मूल्य रु एक लाख २७ हजार दुई सय निर्धारण गरिएको छ ।

त्यस्तै, चाँदीको मूल्य प्रतितोला रु ३५ ले वृद्धि भएको छ । बुधवार प्रतितोला रु एक हजार ५२० मा कारोबार भएको चाँदीको मूल्य आज रु एक हजार ५५५ निर्धारण गरिएको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

# गाजामा 'तत्काल युद्धविराम'को लागि प्रस्तावित मस्यौदा अमेरिकाद्वारा परिचालित –ब्लिन्केन

जेद्दाह, ८ चैत/एएफपी

गाजा क्षेत्रमा बन्धक बनाइएकाहरूको रिहाइसँग जोडिएको युद्धविरामको


विदेशमन्त्री एन्टोनी ब्लिन्केन । तस्वीरः एजेन्सी

तत्काल माग गर्दै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्तावको मस्यौदा संयुक्त राज्य अमेरिकाले परिचालित गरेको विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बताएका छन् ।

ब्लिन्केनले भने, "वास्तवमा हामीसँग एउटा प्रस्ताव छ । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा बन्धकहरूको रिहाइसँग जोडिएको, तत्काल युद्धविरामको आह्वान गर्ने प्रस्ताव जुन हामीले अहिले नै अघि सारेका छौं र विश्व समुदायले यसलाई स्वीकार गर्नेछन् भन्नेमा हामी आशावादी छौं ।"

इजरायल र हमासबीचको युद्धबारे छलफल गर्न साउदी अरबको भ्रमणका क्रममा बुधवार साँझ साउदी सञ्चारमाध्यम अल हदाथसँग कुरा गर्दै उनले भने, "मलाई लाग्छ यसले कडा तथा सन्देशमूलक सङ्केत दिनेछ ।"

इजरायलको मुख्य समर्थक संयुक्त राज्य अमेरिकाले यसअघि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को भिटो प्रयोग गरी प्यालेस्टिनी भूमिमा तत्काल युद्धविरामको आह्वान गर्न राष्ट्रसङ्घलाई रोकेको थियो ।

उनले भने, "निस्सन्देह हामी आफ्नो रक्षा गर्ने इजरायलको अधिकारको साथमा छौं । युद्धबाट हानि बेहोरेका र धेरै पीडित प्यालेस्टिनीको समस्या समाधानमा हामी ध्यान केन्द्रित गर्छौं, उनीहरूलाई प्राथमिकता दिन्छौं, नागरिकहरूको सुरक्षा गर्छौं, उनीहरूलाई मानवीय सहायता प्रदान गर्छौं ।"

ब्लिन्केनले बुधवार साउदी अरब पुगे लगत्तै राजकुमार मोहम्मद बिन सलमानसँग वार्ता गरेका थिए । उनले साउदी अरबका विदेशमन्त्री राजकुमार फैजल बिन फरहानसँग पनि भेटवार्ता गरेका थिए । बिहीवार इजिप्ट र त्यसपछि इजरायलमा पुगी उनले वार्तालाई जारी राख्ने बताइएको छ ।

गत अक्टोबर ७ मा इजरायल–हमास युद्ध शुरू भएयता मध्यपूर्वका लागि उनको यो छैटौं भ्रमण हो ।

ब्लिन्केनको यो भ्रमणको सिलसिला कतारमा भएको वार्तासँग मिल्दोजुल्दो छ । साउदी अरबमा युद्धविरामको लागि नयाँ प्रयासमा बुधवार तेस्रो दिन मध्यस्थहरूको बैठक भएको थियो तर सम्भावित सम्झौताको कुनै सङ्केत भने देखिएको छैन ।

प्यालेस्टिनी कैदीहरूका लागि बन्धकहरूको आदानप्रदान हुने र राहत सामग्रीहरूको वितरणलाई तीव्र पारिएको कतारमा भएको छलफलले लडाइँ रोक्ने अस्थायी योजनामा सहमति गरेको थियो ।

अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि गाजामा अहिलेसम्मकै सबैभन्दा रक्तपातपूर्ण युद्ध शुरू भएको थियो भने हमासको आक्रमणमा इजरायलमा करीब एक हजार १६० जनाको मृत्यु भएको थियो ।

लडाकूहरूले लगभग २५० जनालाई बन्धक बनाइ कब्जामा लिएका थिए । बन्धकमध्ये १३० जना गाजामा रहेको इजरायलको विश्वास छ र उनीहरूमध्ये ३३ जना मारिएका अनुमान गरिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली सेनाले हमासविरुद्ध प्रतिशोधात्मक आक्रमण गरेको छ, जसमा करीब ३२ हजार मानिसको मृत्यु भएको छ र आक्रमणमा अधिकांश महिला र बालबालिकाको मृत्यु भएको जनाइएको छ । रासस

# जापान एयरलाइन्सले ३२ एयरबस र १० बोइङ विमान खरिद गर्ने

टोकियो, ८ चैत/एएफपी

जापान एयरलाइन्सले एयरबससँग ३२ र बोइङसँग १० नयाँ विमान खरीद गर्ने बताएको छ ।

कम्पनीले एयरबसबाट २१ ए ३५०–९००, बोइङ कम्पनीसँग ११ वटा ए ३२१ नियो र १० वटा बोइङ ७८७–९ जहाज ल्याउने जनाएको छ ।

एयरलाइन्सका प्रवक्ताले आदेशको वित्तीय विवरणबारे टिप्पणी गर्न भने अस्वीकार गरे ।

"यी नयाँ विमानहरूको खरीदले उत्तर अमेरिका, एशिया र भारतजस्ता क्षेत्रहरूमा प्राथमिक ध्यान केन्द्रित गर्दै एयरलाइन्सको अन्तर्राष्ट्रिय आवागमनको क्षमता बढाउने र विस्तार गर्ने लक्ष्य राखेको छ," जापान एअरलाइन्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

"जापान एयरलाइन्स समूह कार्बन डाइअक्साइड उत्सर्जन घटाउने लक्ष्य हासिल गर्ने प्रयासको एक भागको रूपमा इन्धन–कुशल विमानको परिचयलाई निरन्तर अगाडि बढाउन प्रतिबद्ध छ," विज्ञप्तिमा भनिएको छ ।

जापानले आर्थिक वर्ष २०३० सम्ममा सन् २०१९ को तुलनामा कुल उत्सर्जनमा १० प्रतिशतले कमी ल्याउने र आर्थिक वर्ष २०५० सम्ममा शून्य उत्सर्जन गर्ने लक्ष्य राखेको छ । रासस

# भियतनामको कार्यवाहक राष्ट्रपतिमा जुआन नियुक्त

हनोई, ८ चैत/एएफपी

बिहीवार भियतनामका उपराष्ट्रपति भो थि एन्ह जुआनलाई कार्यवाहक राष्ट्रपति नियुक्त गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

भियतनामका राष्ट्रपति भो भान थुहाङले राजीनामा दिएको एक दिनपछि जुहानलाई कार्यवाहक राष्ट्रपति बनाइएको हो ।

भियतनामी राष्ट्रियसभा (एनए)को असाधारण अधिवेशनमा उक्त निर्णय गरिएको भियतनामी समाचार एजेन्सीले जनाएको छ ।

नयाँ राष्ट्रपति चयन नहुन्जेल जुआनले कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने राष्ट्रियसभा स्थायी समितिले जनाएको छ ।

बैठकले थुओङलाई सन् २०२१–२६ को राष्ट्रपति र राष्ट्रियसभाका १५औं उपप्रमुखको कार्यकालबाट पनि पदमुक्त गरेको छ ।

निवर्तमान राष्ट्रपति थुओङले कानून उल्लङ्घन र कमीकमजोरीका लागि आफू दोषी रहेको स्वीकार गर्दै राष्ट्रपति पदबाट राजीनामा दिएका थिए ।

भियतनाम समाचार एजेन्सीका अनुसार राष्ट्रपति थुओङले पार्टी, राज्य र जनताप्रति आफ्नो जिम्मेवारीप्रति पूर्ण सजग रहेर राष्ट्रपतिको पदबाट राजीनामा दिएको बताएका थिए ।

बुधवार भियतनामको कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले थुओङको व्यक्तिगत अनुरोधमा उनको राजीनामा स्वीकृत गरेको थियो । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# निहुँ खोजेर संसद् अवरुद्ध गर्नु लोकतन्त्र होइन –केपी ओली

प्रस, काठमाडौं, ८ चैत/


नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिमा संयमता जरुरी रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय जातिभेद उन्मूलन दिवसको अवसरमा आयोजित कार्यक्रममा बिहीवार ओलीले राजनीति देश र जनताको समृद्धिमा केन्द्रित हुनुपर्ने बताए । लोकतन्त्र सरकारबाट हट्नुपऱ्यो भनेर निहुँ खोजेर, संसद् अवरुद्ध गर्ने विषय नभएको बताए । "निहुँ खोज्ने, च्याँठिने, आक्रोश पोख्ने, विरह बिसाउने, छाती पिटेर रुने मात्रै ठाउँ होइन राजनीति," ओलीले भने ।

राजनीति सुदृढ अर्थतन्त्र र समृद्धिको माध्यम भएको ओलीले बताए । ओलीले राजनीतिलाई देश र जनताको समृद्धिको माध्यम बनाउनुपर्ने बताए । समाजको उन्नतिका लागि, प्रगतिका लागि, शान्ति सुव्यवस्थाका लागि, स्वच्छताका लागि, पारदर्शिताका लागि, सबैको सुरक्षा र सम्मानका लागि राजनीति केन्द्रित हुनुपर्ने ओलीले बताए ।

ओलीले कम्युनिस्ट आन्दोलन समानता र मानव स्वतन्त्रताको आन्दोलन भएको बताए । उनले कोही पनि जात, धर्म, सम्पत्ति, कुलीनताको हिसाबले कोही जन्मँदै श्रेष्ठ वा नीच नहुने प्रस्ट पारे । "सबै बराबर हुन्, मानिस जन्मिंदा बराबर जन्मिन्छ र मानिस सबै बराबर र स्वतन्त्र हुनुपर्छ," ओलीले भने ।

कर्मबाट जिम्मेवारीमा तलमाथि हुन सक्ने भएपनि जन्मबाट कोही सानो, ठूलो नहुने उनले स्पष्ट पारे । नेपाल कम्युनिस्ट पार्टीले दलित



समुदायलाई नै सङ्गठित गरेर अघि बढाउँदा जातीय विभेद अन्त गर्न सकिन्छ भनेर २०४५ सालमा नै उत्पीडित जाति उत्थान मञ्च गठन गरेर जातीय विभेदविरुद्धको आन्दोलन चलाएको ओलीले बताए ।

### जाडो ...

गौतमले बताए ।

गत पुस २५ देखि २९ गतेसम्म भएको चरा गणनाको विश्व सिमसार दिवसका अवसरमा तथ्याङ्क सार्वजनिक गरिएको थियो । गौतमका अनुसार कोशीमा सबैभन्दा धेरै ८४८ को सङ्ख्यामा सिलसिले हाँस फेला परेका छन् ।

उच्च सङ्ख्यामा फेला परेका १० प्रजातिका चरामध्ये चखेवा ५०६, राज हुट्टियाउँ ४५५, जलेवा ४४५, वस्तु बकुल्ला ३७६, सानो जलेवा ३७१, कर्रा सवारी २५७, लामाऔंले २२२, आसकोटे बकुल्ला २१० र जलरङ्ग १८७ रहेका उनले जानकारी दिए । कोशीटप्पु आरक्ष क्षेत्रलगायत कोशी क्षेत्रमा यस वर्ष चराको सङ्ख्या घटेको उनले बताए ।

चराको गुणस्तरीय बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेतीबालीमा बढ्दो विषादीको प्रयोग र मानवीय क्रियाकलापले गर्दा चराका सङ्ख्या घटेको कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रका वार्डेन रमेशकुमार यादवले बताए । चरा उड्ने ठाउँमा बिजुलीको हाइटेन्सन लाइनले अवरोध गर्दा पनि आगन्तुक चरा घट्ने क्रममा रहेको उनको भनाइ छ । "हाइटेन्सन लाइनमा इन्सुलेट गर्नुपर्ने हुन्छ । वनमा चराले आहारा पाउन छाड्दै गए, साथै वनमा लाग्ने डढेलोले चरालाई प्रत्यक्ष असर पुऱ्याएको छ," वार्डेन यादवले भने ।

पानीमा आश्रित चरालाई सिमसार संरक्षणको अभाव हुनुका साथै आहाराको कमीले सङ्ख्या घटेको हुन सक्ने कोशी पक्षी समाजका अध्यक्ष चक्र तिम्सिनाले बताए । "मानवबस्ती र मानवीय व्यवहार, पूर्वाधार निर्माण, जलवायु परिवर्तनको असर, वनमा लाग्ने आगोलगायत कारणले पर्यटक चरा आउन ऱ्हास भएको हुन सक्छ," उनले भने ।

पक्षी समाजका अध्यक्ष तिम्सिनाका अनुसार दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौं ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्छन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कने उनले जानकारी दिए ।

"यसरी आउने करीब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिका हुन्छन् । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अन्डा अरू चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बचचालाई हुर्काउँछ," पक्षी समाजका अध्यक्ष तिम्सिनाले भने ।

उनका अनुसार नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउकेलगायत हुन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषिभूमि हुन् ।

### बजेट...

अवस्था यकीन गरेर मात्र खरीद कार्य प्रारम्भ गर्ने । यकीन गर्नका लागि आवश्यक परेमा सम्बन्धित विषयका विज्ञ/कर्मचारी खटाई निजले पेश गरेको प्रतिवेदनको आधारमा मात्र खरीद कार्य अगाडि बढाउने भनिएको छ । त्यस्तै, तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा ठूलो रकम अबन्डामा राख्ने र बजेट कार्यान्वयनका चरणमा विनातयारी र प्रतिफलबेगरका आयोजना प्रविष्ट गर्ने तथा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्ने भनिएको छ भने यस विषयमा उजूरी परेमा अख्तियारले गम्भीरतापूर्वक लिई अनुसन्धान गर्नेसमेत भनिएको छ ।

तीनै तहका सरकारले नीति कार्यक्रम र बजेट तयार गर्दा दोहोरोपना नहुने गरी तयार गर्ने र कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै विनियोजित स्रोतको कुशल परिचालन गर्ने सुझावका साथै बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको सिलिङ र बजेट तर्जुमा दिग्दर्शन, प्रचलित कानून र प्रस्तावित कार्यक्रमको औचित्य र उपलब्धिलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्ने, एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने आयोजनाको हकमा बहुवर्षीय खरीद योजना र वार्षिक खरीद योजना बनाई आयोजना बैंकमा प्रविष्ट गरी सोही अनुसार स्रोत सुनिश्चित भए मात्र खरीद कार्य अगाडि बढाउने भनिएको छ । यस विपरीत राज्यलाई हानि–नोक्सानी हुन गएमा अनुसन्धानको विषय हुने, बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने, खरीद चक्रका कार्य समयमैं अगाडि बढाउने समेत सुझावमा परेको छ ।

मन्त्रालयस्तरको निर्णयबाट कार्यविधि बनाई कोष स्थापना गर्ने, सङ्गठन संरचना र दरबन्दी थप गर्ने तथा स्थानीय तहमा योजना आयोग गठन गर्ने, कर्मचारी तथा पदाधिकारीको सेवा शर्त सुविधा तोक्ने, निजी सचिव र सल्लाहकार जस्ता पद सिर्जना गर्नेलगायत सारभूत विषयहरू समावेश गरी व्ययभार थप्ने कार्य कानूनविपरीत हुनुका साथै सार्वजनिक कोषको अपव्यय हुने हुँदा उक्त कार्य तत्काल रोक्ने भनिएको छ । राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरकारको अधिकार क्षेत्र, आयोजनाको प्रकृति र लागतको आधारमा तीन तहबाट कार्यान्वयन हुने आयोजनाको वर्गीकरण गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने तथा राष्ट्रिय गौरवका र उच्च प्राथमिकतामा रहेका रणनीतिक आयोजनामा मात्र बहुवर्षीय स्वीकृति दिने गरी मापदण्ड तर्जुमा गर्ने विषय परेको छ । वहुवर्षीय आयोजना छनोट गर्दा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम बाहेक नगर्ने र बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चित गर्दा हालसम्म कार्यान्वयनमा रहेका आयोजनाको स्रोत व्यवस्थापनको निधो नगरी थप बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चत नगर्ने भनिएको छ ।

त्यस्तै अर्थ मन्त्रालयले हालसम्म स्वीकृत दिएका तर कार्यप्रारम्भ नभएका बहुवर्षीय आयोजनाको पुनरवलोकन गरी जिल्लागत विवरण वेबसाइटमार्फत सार्वजनिक गरी सार्वजनिक स्रोतमा रहेको नागरिक चासो सम्बोधन गर्ने भनेर नागरिकको पक्षबाट समेत सुझावमा समेटिएको छ । त्यस्तै राष्ट्रिय गौरवका आयोजना, दीर्घकालीन महत्त्वका रणनीतिक आयोजना र क्रमागतबाहेकका आयोजना नेपाल सरकारले कार्यान्वयन नगर्ने नीति लिने र ठेक्का व्यवस्थापनमा रहेका समस्या समाधान गर्न निश्चित समयसम्म ठेक्का नलगाएमा स्वतः अर्थ मन्त्रालयमा बजेट समर्पण हुने पद्धति विकास गर्ने । मोबिलाइजेशन पेश्कीमा रहेको विकृति रोक्न यसको विधि र पद्धति कार्य सम्पादनमुखी बनाउने गरी सुधार गर्ने, तीनै तहका सरकारले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जीवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/कार्यविधिबमोजिम मात्र छनोट तथा कार्यान्वयन गर्ने विषय समेत परेको छ ।

अत्यधिक सङ्ख्या र लागतका आयोजना/कार्यक्रममा स्रोत सुनिश्चितता दिंदा राज्यलाई दीर्घकालीनरूपमा असीमित दायित्व सिर्जना हुने हुँदा त्यस्तो स्रोत सुनिश्चितताको निश्चित सीमा तोक्नुपर्ने विषय आयोगको सुझावमा परेको छ । मन्त्रालय र केन्द्रीय निकायका साथै प्रदेश सरकार र स्थानीय तहलाई समेत वित्तीय सुशासन कायम गर्न यी सुझावहरूको हुबहु कार्यान्वयन र पालना सहयोगी हुने देखिन्छ । योबाहेक पनि बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको काम सम्बन्धित मन्त्रालय तथा निकायका सचिवले मासिकरूपमा गरी प्रतिवेदन गर्नुपर्ने र मन्त्रीले हरेक तीन महीनामा अनुगमन मूल्याङ्कन गरी कुनै समस्या भए समाधानको पहल गर्नुपर्ने कानूनी व्यवस्था रहेबाट अनुगमन मूल्याङ्कन कार्यलाई महत्त्वका साथ हेर्नुपर्ने देखिन्छ ।

**निष्कर्ष**

बजेट आफैंमा सार्वजनिक सम्पत्ति हो । कुन मन्त्रालयले के कस्तो बजेट कार्यान्वयनमा ल्याएको छ र कार्यान्वयनको कुन चरणमा छ भन्ने विषय मिडिया एवं सर्वसाधारण नागरिकले समेत जानकारी पाउने हक राख्दछन् । बजेट राख्दा धेरै नै महत्त्वाकाङ्क्षी हुने तर उपलब्धि न्यून हुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवं सबैको चासो र सरोकारको विषय बनाउन आवश्यक देखिन्छ । अब बन्ने बजेटमा यस अघि रहे भएका जथाभावीपन नदोहोरिने अपेक्षा गरौं ।

**–लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन् ।**

### देशकै ...

पकरी, कजौली, बथनाहा, इनर्वा, भारदह, चक्ला, विषहरिया गाउँमा चन्द्र नहरको आशामा हजारौं हेक्टर जग्गामा गहुँ र धान खेती लगाउने गरिएकामा प्रत्येक हिउँद र बर्खायाममा पानी नपाएका कारण किसानले चर्को मूल्यमा डिजल तथा विद्युतीय प्रणालीबाट सिंचाइ व्यवस्था मिलाउन बाध्य रहेको महदेवा गाउँपालिका पकरीका किसान महेन्द्रप्रसाद यादवले बताए ।

चन्द्र नहरको सञ्जाल फराकिलो रहेको भए तापनि विगत ३० वर्षदेखि उक्त नहरमा खेतीको समयमा पानी नआएको कारण 'स्यालो टच्युबवेल' तथा आकाशे पानीका भरमा यस क्षेत्रका किसानले खेती गर्दै आएका थिए ।

# दीपनारायण माविमा विव्यस गठन

प्रस, पंचगावाँ, ८ चैत/

सखुवाप्रसौनी गाउँपालिकास्थित दीपनारायण आदर्श नमूना मावि, औराहा पंचगावाँमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

विगत दुई वर्षदेखि अभिभावक र राजनीतिक दलबीचको असहमतिले विव्यस गठन हुन सकेको थिएन।




विव्यसका पूर्वअध्यक्ष मोहनलाल चौधरीको तीन वर्ष अवधि सकिएपछि दुई वर्षदेखि सो विद्यालयमा व्यवस्थापन समिति गठन हुन सकेको थिएन। आज वडाध्यक्ष चिरञ्जीवी महतो थारूको अध्यक्षतामा बसेको बैठकले शङ्कर महतो थारूको अध्यक्षतामा नौ सदस्यीय विव्यस सर्वसम्मत चयन भएको शिक्षा शाखा प्रमुख नेपालेन्दु साहले बताए।

समितिका सदस्यमा रामकिशोर चौधरी थारू, गया राउत थारू, पूनमदेवी थरुनी, रीतादेवी राम, वडा प्रतिनिधिबाट वडाध्यक्ष चिरञ्जीवी महतो थारू, शिक्षक प्रतिनिधिबाट सुरेश दास थारू, शिक्षाप्रेमीबाट गोपाल महतो थारू, सदस्यसचिव प्रधानाध्यापक शिवनाथप्रसाद थारू रहेको प्रमुख साहले बताए।

## बाघको आक्रमणबाट नीलगाईको मृत्यु

प्रस, पचगावाँ, ८ चैत/

वीरगंज महानगरपालिका–३२ रामवनमा बिहीवार बिहान बाघको आक्रमणबाट नीलगाई मरेको प्रहरी चौकी मिलनचोकका प्रहरी सहायक निरीक्षक प्रमोदप्रसाद साहले बताए।

जङ्गलमा बाघको आक्रमणबाट नीलगाई मरेपछि पर्सा राष्ट्रिय निकुञ्ज, सबडिभिजन वन कार्यालय सबैयालगायतको टोली घटनास्थलमा पुगेको थियो। बाघको आक्रमणबाट मरेको नीलगाईलाई सबडिभिजन वन कार्यालय, सबैयाले खाल्डो खनेर पुरेको छ।

## विद्यालयमा चोरी

प्रस, पंचगावाँ, ८ चैत/

पर्सागढी नगरपालिका–९ स्थित नेरामावि, बडेर्वामा चोरी भएको छ। चोरले राति कार्यालयको ताल्चा फुटालेर एउटा ल्यापटप, कक्षा ८ को स्वास्थ्य विषयका पाँचवटा, अङ्ग्रेजी विषयका ५८ वटा, सामाजिक विषयका सातवटा, कक्षा ७ को स्वास्थ्य विषयका ४६ वटा, कक्षा ६ को स्वास्थ्य विषयका ४९ वटा उत्तरपुस्तिका चोरी गरेको विद्यालयले जनाएको छ।

प्रहरीले घटनाबारे बिहीवार १ बजे थाहा पाएको र सो सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

## रूखबाट लडेर तामाङको मृत्यु

प्रस, बिरुवागुठी, ८ चैत/

पर्सागढी नगरपालिका–३ बडनिहारका ६१ वर्षीय लालमान तामाङको हिजो निधन भएको छ। उनी चैत १ गते जङ्गलमा घाँस काट्ने क्रममा रूखबाट खसेर घाइते भएका थिए।

तामाङको नेशनल मेडिकल कलेजमा उपचार भएको र पछि नीलकण्ठ अस्पतालमा भर्ना गरिएको र त्यहाँ उपचार सम्भव नभएपछि हिजो काठमाडौं लैजाने क्रममा बाटोमा मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीले शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाएको छ।

## सामानसहित पाँचवटा सवारीसाधन नियन्त्रण

प्रस, वीरगंज, ८ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले ६७ लाख ६१ हजार मूल्यबराबरको सामानसहित पाँचवटा सवारीसाधन नियन्त्रणमा लिएको छ। चैत ७ गते वीरगंज–८ घण्टाघरबाट प्रहरीले ना.३ख ७६५६ र प्र.३–०३–००१ ख ००९८ नम्बरका ट्रक चेकजाँच गर्दा २९ लाख ४८ हजार मूल्यबराबरको खाद्यान्न, खुद्रा सामान र प्याज भेटिएपछि ट्रक नियन्त्रणमा लिएको छ। त्यस्तै, वीरगंज–२५ मा भारतीय नम्बरको पिकअप भ्यान चेकजाँच गर्दा १५ लाख ८४ हजार मूल्यबराबरको कुर्ता सुरुवाल बरामद भएको प्रहरीले जनाएको छ। वीरगंज–१६ रजतजयन्ती चोकमा प्रहरीले बेवारिसे अवस्थामा रहेको चार लाख मूल्यबराबरको हार्डवेयर, मोटर पार्ट्सका सामान बरामद गरेको छ भने फागुन ८ गते वीरगंज–९ रेलवे सडकबाट प्रहरीले ५२ हजार मूल्यबराबरका विभिन्न चकलेट बेवारिसे अवस्थामा बरामद गरेको छ। त्यसैगरी, फागुन ८ गते प्रहरी चौकी गण्डकले ना.३ख ३७४, ना.३ख ४८७७ ट्रकबाट १७ लाख ७७ हजार मूल्यबराबरका खाद्यान्न तथा खुद्रा सामानहरू नियन्त्रणमा लिएको छ।

उपरोक्त सवारीसाधनमा लोड रहेको सामान बिलबीजकभन्दा बढी देखिएपछि नियन्त्रणमा लिई आन्तरिक राजस्व कार्यालय पथलैया र वीरगंज भन्सारमा बुझाएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

## वर्षाले आँप र लिचीलाई फाइदा




नरेश यादव, पर्सागढी, ८ चैत/

बुधवार परेको वर्षाले आँप र लिचीका रूखलाई फाइदा पुगेको छ। यो वर्ष आँपको रूखमा मञ्जरी लागेको छ। हिजो परेको वर्षाले आँप, लिचीको बोटमा मधुवा रोग लाग्न नदिने र मञ्जरी नझर्ने किसानहरूले बताएका छन्।

त्यसैगरी, वर्षाको कारण गहुँबालीलाई पनि फाइदा पुगेको छ। वर्षाले गहुँको दाना पुष्ट बनाउने किसानले बताएका छन्। मुसुरो, आलस बाली काटेर खेतमा थन्काएका किसानहरूलाई वर्षाले समस्या पारेको किसान खलील अन्सारीले बताए।


## फागु पर्व सभ्यरूपमा मनाऔं

- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागू पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## अनौठो पाठी जन्मियो

प्रस, सिम्रौनगढ, ८ चैत/

बाराको सिम्रौनगढ नगरपालिका–२ अमृतगंजमा एकजना कृषकको बाख्राले



अनौठो पाठी जन्माएको छ।

बिहीवार दिउँसो जीतेन्द्र कुशवाहाको बाख्राले जन्माएको पाठीको निधारमा एउटा आँखा र मुखको बनावट विचित्र खाले छ। पाठीको जिब्रो छेउबाट निस्किएको छ। सो पाठीलाई हेर्न स्थानीयको भीड लागेको छ।

# खेलकूदको संसार

## परवानीपुर गोल्डकप: वीरगंज युनाइटेड र हेटौंडा फाइनलमा

प्रस, परवानीपुर, ८ चैत/

तेस्रो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिताको फाइनलमा वीरगंज युनाइटेड क्लब र हेटौंडा फूटबल एकेडेमी मकवानपुर भिड्ने भएका छन्।



शक्ति युवा क्लबको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न दुईवटा सेमिफाइनल खेलमा वीरगंज युनाइटेड क्लब र हेटौंडा फूटबल एकेडेमी मकवानपुर विजयी भएर फाइनलमा पुगेका छन्।

हिजो वर्षाका कारण स्थगित परवानीपुर खेलमैदानमा आजको पहिलो सेमिफाइनल खेलमा वीरगंज युनाइटेड क्लबले वीरगंज युथ एकेडेमीलाई सडेन डेथमा शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो।

निर्धारित समयमा दुई/दुई गोलको बराबरी खेलेपछि टाइब्रेकरबाट निर्णय लिइएको थियो। टाइब्रेकरमा पनि दुवै टीमले समान तीन/तीन गोल गरेका थिए। त्यसपछि सडेन डेथमार्फत निर्णय गर्दा वीरगंज युनाइटेड क्लबले वीरगंज युथ एकेडेमीलाई शून्यका विरुद्ध एक गोलअन्तरले हराएको हो।

यस खेलको 'म्यान अफ दी म्याच' वीरगंज युनाइटेड क्लबका गोलकीपर दिलमणि चौधरी घोषित भए र उनलाई पर्सागढी निवासी जीतेन्द्र यादवले नगद दुई हजार एक सयसहित शिल्ड प्रदान गरेका थिए।

यसैगरी, आज सम्पन्न दोस्रो सेमिफाइनल खेलमा हेटौंडा फूटबल एकेडेमी मकवानपुरले बाग्मती फूटबल क्लब सर्लाहीलाई एकका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो।

पहिलो हाफको २७औं मिनेटमा हेटौंडाका खेलाडी प्रकाश पुनले पेनाल्टी गोल गरेका थिए। खेलको ३६औं मिनेटमा हेटौंडाकै दिवस श्रेष्ठले दोस्रो गोल गरे। बाग्मतीका कपिल मगरले खेल समाप्तीको दुई मिनेट अघि एक गोल गर्न सके।

दोस्रो सेमिफाइनलमा हेटौंडाका कप्तान प्रताप तामाङ 'म्यान अफ दी म्याच' घोषित भए। उनलाई नेकपा एमालेका मधेस प्रदेश कमिटीका सदस्य मोबिन आलमले नगद दुई हजार एक सय र शिल्ड प्रदान गरे।

भोलि शुक्रवार निजगढ महिला फूटबल क्लब र वीरगंज युथ महिला फूटबल टीमबीच मैत्रीपूर्ण फूटबल प्रतियोगिता हुनेछ भने प्रतियोगिताको फाइनल खेल चैत १० गते शनिवार हुनेछ।

## जीतपुरसिमरा टी–२० क्रिकेट: जनकपुर विजयी

प्रस, वीरगंज, ८ चैत/

जीतपुरसिमरा टी–२० कप क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार भएको खेलमा जनकपुर पिस फाउन्डेशनले खुकुरी क्रिकेट क्लब भैरहवालाई ४८ रनअन्तरले पराजित गरेको छ।

समूह 'बी' अन्तर्गतका खेल हिजो वर्षाका कारण स्थगित भएपछि आज सम्पन्न गरिएको हो। जनकपुरले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १३२ रन बनाएको थियो। जनकपुरका हिमांशु दत्तले ४७, अखिलेश ठाकुरले २५, रूपेश यादवले अविजित १८, चन्दन यादवले १७ र परशुराम यादवले १४ रन बनाएका थिए। भैरहवाका सन्तोष यादवले चार विकेट लिए भने अजय चौहानले दुई र इकलख वर्सीले एक विकेट लिए।




जनकपुरले दिएको १३३ रनको लक्ष्य पछ्याएको भैरहवा १७.६ ओभरमा नौ विकेट गुमाउँदै ८४ रनमा सीमित भयो। भैरहवाका लागि अमर मिश्रले २५, प्रकाश गिरीले १४, सन्तोष यादवले १३, मनीष थापाले १२ र निश्चल चौधरीले १० रन बनाएका थिए। अन्तिम विकेट बाँकी छँदा भैरहवाका महेश भार घाइते भएपछि भैरहवाले नौ विकेटमैं इनिङ समाप्तिको घोषणा गरेपछि जनकपुर ४८ रनले विजयी भएको आयोजकले जनाएको छ।

जनकपुरका रूपेश यादव, रोहन यादव र अभिजीत मण्डलले दुई/दुई विकेट लिए भने विशाल सुस्लिङ, साइमोन रोय, बी धवन सहनीले एक/एक विकेट लिए। जनकपुरका कप्तान हिमांशु दत्त 'प्लेयर अफ दी म्याच' घोषित भए र उनलाई जीतपुरसिमरा उपमहानगरपालिकाकी वडाध्यक्ष चयन गुरुङले पुरस्कृत गरेकी थिइन्।

जीतसँगै जनकपुरले प्रतियोगिताको फाइनलमा पुग्ने आशा जीवित राखेको छ। पहिलो खेलमा मकवानपुरसँग ३१ रनले पराजित जनकपुरलाई प्रतियोगिताको उपाधि होडमा उभिन भैरहवाविरुद्ध फराकिलो जीत आवश्यक थियो।

अब भैरहवालाई पनि प्रतियोगिताको फाइनलमा पुग्न समूह 'बी'को अन्तिम खेलमा भोलि शुक्रवार मकवानपुरविरुद्ध फराकिलो जीत निकाल्नुपर्ने हुन्छ। भोलिको खेलपछि यसको टुङ्गो लाग्नेछ। तर मकवानपुरले जितेमा समूह विजेता बन्दै फाइनलमा प्रवेश पाउनेछ र चैत १० गते शनिवार हुने फाइनलमा पर्सा क्रिकेट सङ्घसँग भिड्ने अवसर पाउनेछ।

अभियान नेपालको आयोजना र जीतपुरसिमरा उपमहानगरपालिकाको सहयोगमा आयोजित प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार नगद प्राप्त गर्नेछन्।

## फुटसलमा नेशनल र ठाकुर राम विजयी

प्रस, वीरगंज, ८ चैत/

हाम्रो फुटसलको आयोजनामा मेरिगोल्ड फुटसल प्रतियोगिता अन्तर्गत बिहीवार दुईवटा खेल भए।



आज भएको पहिलो खेलमा नेशनल मेडिकल कलेजले वीरगंज पब्लिक कलेजलाई एकका विरुद्ध छ गोलअन्तरले परागित गऱ्यो। यो खेलमा नेशनलका किस्मत कोइराला 'म्यान अफ दी म्याच' घोषित भए।

दोस्रो खेलमा भने नेशनल मेडिकल कलेज ठाकुर राम बहुमुखी क्याम्पससँग शून्यका विरुद्ध छ गोलअन्तरले पराजित भयो। यस खेलमा ठाराब क्याम्पसका मनोज घर्तीमगर 'म्यान अफ दी म्याच' घोषित भए।

## वनदेवी आधारभूत विद्यालयमा होलीमिलन कार्यक्रम

प्रस, पंचगावाँ, ८ चैत/

पटेर्वासुगौली गाउँपालिका–४ भतौडास्थित वनदेवी आधारभूत विद्यालयमा होलीमिलन कार्यक्रम भएको छ।




कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावकले अबीर लगाएर शुभकामना आदानप्रदान गरेका थिए। कार्यक्रममा २०८० सालको वार्षिक परीक्षाफल चैत २५ गते प्रकाशित हुने प्रअ दासले बताए। यसैगरी, नयाँ शैक्षिक सत्र २०८१ वैशाख २ गतेदेखि सञ्चालन हुने उनले बताए।